संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं
- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरूको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- सांस्कृतिक विविधताबीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदावरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,
- सांस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 18 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४१

प्रतिबन्ध फुकुवा भएपछि सोयाबिन तेलको निर्यात बढ्यो

तस्वीरः फाइल

प्रस, परवानीपुर, ४ माघ/

भारत सरकारले सोयाबिन तेल पैठारी फुकुवा गरेपछि नेपालबाट सोयाबिन तेलको निर्यात बढेको छ ।

लोकसभा निर्वाचनताका भारत सरकार अन्तर्गतको व्यापार निर्देशनालयले डेढ वर्ष अघि नेपालबाट भारत निर्यात हुँदै आएको सोयाबिन तेलमा प्रतिबन्ध लगाएको थियो । भारत सरकारको प्रतिबन्धका कारण वीरगंज–पथलैया कोरिडोरमा रहेका १५ वटा तेल उद्योगको निर्यात ठप्प भएको थियो ।

अहिले दुई महीना अगाडिदेखि भारत सरकारले सोयाबिन तेलको पैठारी फुकुवा गरेपछि नेपालबाट दुई सातादेखि सोयाबिन तेलको निर्यात बढेको छ । एकजना व्यापारीले दुई सातादेखि दैनिक वीरगंज–पथलैया कोरिडोरमा रहेका १५ वटा उद्योगबाट सय टन (पाँच ट्रक) तेल निर्यात भइरहेको बताए । यस औद्योगिक कोरिडोरमा निम्बस, नारायणी रिफाइनरी, अन्नपूर्ण भेजिटेबल, महालक्ष्मी सोलमेट, गणपति, शिवशक्ति, ओसिबी फूड्स एन्ड फिडलगायत १५ वटा तेल उद्योग छन् । यी तेल उद्योगहरूले विदेशबाट कच्चा सोयाबिन तेल ल्याउने र उद्योगमा प्रशोधन गरेर भारत निर्यात गर्दै आएका छन् ।

खोपसम्बन्धी पत्रकारलाई अभिमुखीकरण

प्रस, रौतहट, ४ माघ/

पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान २०८१ जिल्लास्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मीसँगको अभिमुखीकरण बैठक शुक्रवार सम्पन्न भएको छ ।

स्वास्थ्य कार्यालय, रौतहटले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान माघ २२ गतेदेखि देशभरि शुरू भई फागुन ६ गते सम्पन्न हुने जनाएको छ ।

यो खोप खासगरी कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई लगाउने तथा विद्यालयबाहिर रहेका १० देखि १४ वर्षका बालिकाहरूलाई लगाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय, रौतहट प्रमुख राजेश सिंहले बताए ।

नेपालमा पाठेघरको मुखको क्यान्सरको समस्या बढ्दै गएको अवस्थामा नेपाल सरकारले कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने बालिकाहरूलाई अभियान सञ्चालन गरी खोप लगाउने हुँदा सञ्चारकर्मीहरूको महत्त्वपूर्ण भूमिका रहने बताउँदै प्रमुख सिंहले जिल्लामा दुई सय जनशक्तिलाई खोपबारे तालीम दिइसकेको बताए ।

तस्वीरः प्रतीक

जिल्ला समन्वय समितिका अध्यक्ष रामअयोध्या यादवको अध्यक्षतामा सम्पन्न बैठकमा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक दिलीप घिमिरे, सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईं, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय सिंह, नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष सञ्जयकुमार कार्की, पूर्वअध्यक्ष प्रेमचन्द्र झा, प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरिटेन्डेन्ट मुरारी ठाकुरसहित स्वास्थ्यकर्मीहरू तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको खोप निरीक्षक अनिल कर्णले बताए ।

बालुवा लोड ट्याक्टर र ट्रक नियन्त्रण

प्रस, पंचगावाँ, ४ माघ/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले सिंघाही खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा उत्खनन गरेको कसूरमा दुईवटा ट्याक्टर र चालकलाई नियन्त्रणमा लिएको छ ।

पर्सागढी नगरपालिका–२ सिंघाही खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थको उत्खनन गरेको कसूरमा ना.५त ३१२८ र प्र२–०३–००१त १६७९ नम्बरका दुईवटा ट्रक र त्यसका चालक सरोज साह र सन्दीप पटेललाई नियन्त्रणमा लिएर कारबाई प्रक्रिया अगाडि बढाएको प्रहरी निरीक्षक प्रकाश थापाले बताए ।

अवैधरूपमा उत्खनन गरिएका गिट्टी र बालुवा बागवन्नातर्फ लिएर जाने क्रममा ट्रक र चालकलाई नियन्त्रणमा लिएको उनले बताए ।

अस्पतालका सञ्चालकको भेला आह्वान

प्रस, वीरगंज, ४ माघ/

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पर्सा जिल्लामा सञ्चालित सामुदायिक, निजी अस्पतालका सञ्चालकहरूको भेला डाँकेका छन् ।

पर्सा जिल्लामा प्रवाह भइरहेको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उद्देश्यले माघ ६ गते आइतवार बिहान ११ बजे जिल्ला प्रशासन कार्यालयमा अनिवार्यरूपमा भेला हुन सूचना गरिएको छ ।

पर्सा जिल्लामा ४२ वटा सामुदायिक र निजी अस्पतालहरू छन् ।

यसैगरी, प्रजिअ अर्यालले स्वास्थ्य कार्यालय, नेपाल चिकित्सक सङ्घ नारायणीसहितका संस्थाहरूलाई पनि आइतवार ११ बजे जिल्ला प्रशासन कार्यालयमा आउन सूचित गरेका छन् ।

मुसहर बालबालिकालाई न्यानो कपडा वितरण

प्रस, वीरगंज, ४ माघ/

रोटरी क्लब अफ वीरगंजको आयोजनामा शुक्रवार पकाहामैनपुर गाउँपालिकास्थित मुसहरबस्तीका बालबालिकाहरूलाई न्यानो कपडा वितरण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, क्लबका अध्यक्ष निर्मल खत्रीलगायतले पकाहामैनपुर गापा–४ खेसाहा टोलका ३०० जना मुसहर बालबालिकालाई ट्र्याकसुट, टोपीलगायत न्यानो कपडा वितरण गरेका थिए । प्रजिअ अर्यालले मुसहर जातिका बालबालिकाहरूलाई चीसोमा न्यानो कपडा वितरण गरेर रोटरीले सराहनीय काम गरेको बताए ।

कार्यक्रममा क्लबका राकेश मिश्र, आयुष गुप्ता, ढेडीप्रसाद यादवलगायतको सहभागिता थियो ।

दुई महिलासहित ३३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ४ माघ/

नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताल वीरगंजमा शुक्रवार सम्पन्न रक्तदान कार्यक्रममा दुई महिलासहित ३३ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक मनीष गुप्ताले डा रसीम ठाकुर, ओशिका कर्ण, डा रञ्जन झा, सन्दीप कुर्मी, सन्तोष ठाकुर, भीम राम, विनोद यादव, दीपेश कुशवाहा, रामपुकार राउत कुर्मी, सुभाष गुप्ता, मुकुन्द खत्री, राकेश गिरीलगायतले रक्तदान गरेको बताए । आँखा अस्पतालको ५०औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गरिएको थियो ।

तस्वीरः प्रतीक

जनमत पार्टीद्वारा रानीघाटमा आँखा शिविर

प्रस, वीरगंज, ४ माघ/

जनमत पार्टी, पर्साको आयोजनामा शुक्रवार वीरगंज महानगर–९ रानीघाटमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

वीरगंज सामुदायिक आँखा केन्द्रको प्राविधिक सहयोगमा शिविरमा १५० जनाको आँखा परीक्षण गरिएकामा २९ जनामा मोतीबिन्दु फेला परेको जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले बताए । उनले मोतीबिन्दु फेला परेका २९ जनाको वीरगंज सामुदायिक आँखा केन्द्रमा निश्शुल्क शल्यक्रिया गरिने जानकारी दिए ।

यस अघि सञ्चालित शिविरमा फेला परेका ३६ जना मोतीबिन्दुका बिरामीहरूको निश्शुल्क शल्यक्रिया भएको उनले बताए ।

तस्वीरः प्रतीक

वीरगंज सामुदायिक आँखा केन्द्रकी मिखा श्रेष्ठको प्राविधिक टोलीले आँखाको चेकजाँच गरेको थियो ।

कार्यक्रममा अजय सर्राफ, गोकर्ण कर्ण, रम्भा मिश्र, सिकेन्द्र राम, उदय यादव, सञ्जय सिंह, बृजकिशोर कलवार, माधव शर्मालगायतको सहभागिता थियो ।

वीरगंज–पोखरा सुपरडिलक्स बस सञ्चालन

प्रस, वीरगंज, ४ माघ/

पोखरा जगदम्बा ट्राभल्सले शुक्रवारदेखि वीरगंज–पोखरा सुपरडिलक्स बस सञ्चालनमा ल्याएको छ । महानगरप्रमुख राजेशमान सिंहले शुक्रवार सो बससेवाको उद्घाटन गरेका थिए ।

उनले पर्यटन प्रवर्द्धनमा सुपरडिलक्स बसको सञ्चालनबाट टेवा पुग्ने बताए । पोखरा जगदम्बा ट्राभल्सका प्रतिनिधिले काठमाडौं–पोखरा सुपरडिलक्स १० वर्षदेखि सञ्चालनमा रहेको सो बसमा शौचालयसहित खाजा, वाइफाई लगायतको व्यवस्था गरिएको र ती सेवा वीरगंज–पोखराको बसमा पनि शुरू गरिएको बताए । उनले बसको सिट क्षमता ३१ रहेको जानकारी गराएका छन् ।

तस्वीरः प्रतीक

विचारसार र सूक्तिहरू

सांसारिक उपलब्धिहरूमाथि गर्व गर्नुभन्दा राम्रो हुन्छ, हामी त्यस सौभाग्यलाई विकसित गर्ने प्रयत्न गरौं, जसले हाम्रो जीवन सार्थक होस् ।

-सुकरात

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

आयुर्वेदलाई महत्त्व दिऔं

आधुनिक विज्ञान र प्रविधिको उत्कर्षका बीच आयुर्वेदले मानव स्वास्थ्य र जीवनशैलीमा आफ्नो स्थान कायम राखेको छ, यो उल्लेखनीय पक्ष हो । पाँच हजार वर्षभन्दा पुरानो यो चिकित्सा प्रणालीले प्रकृतिसँगको सहजीवनलाई प्राथमिकता दिँदै शारीरिक, मानसिक र आत्मिक सन्तुलनको आधारमा स्वास्थ्यका सिद्धान्त स्थापित गरेको छ । आजको व्यस्त जीवनशैली, अस्वस्थ खानपान र मानसिक तनावका कारण उत्पन्न विभिन्न रोगहरूले विश्वव्यापीरूपमा चुनौती प्रस्तुत गरिरहेको अवस्थामा आयुर्वेदको महत्त्व झन् बढ्दै गएको छ। आयुर्वेद उपचारको माध्यम मात्र होइन, जीवनशैलीको प्रणाली पनि हो, जसले निरोगी रहने उपायदेखि रोगीलाई उपचारसम्मको दृष्टिकोण प्रदान गर्छ। प्रविधि र विज्ञानको विकाससँगै आयुर्वेदलाई पुरातन वा अवैज्ञानिक मान्नेहरू पनि थिए। तर हालका अध्ययनहरूले यसको प्रभावकारिता पुष्टि गर्दै यसलाई पुनः मुख्य धारमा ल्याइरहेका छन् । विशेषगरी 'होलिस्टिक हेल्थ' अर्थात् समग्र स्वास्थ्यको अवधारणाले पश्चिमी समाजलाई समेत आयुर्वेदप्रति आकर्षित बनाएको छ।

जडीबुटीहरूको मिश्रणबाट तयार गरिएका औषधिहरूले रोग प्रतिरोधात्मक क्षमता बढाउन, तनाव व्यवस्थापन गर्न र दीर्घकालीन रोगहरूको उपचारमा उल्लेखनीय भूमिका खेलेको पाइन्छ । कोभिड–१९ महामारीको समयमा रोग प्रतिरोधी क्षमता बढाउन आयुर्वेदिक उपायहरूको बढ्दो प्रयोग र यसले देखाएको सकारात्मक परिणामले यसको प्रासङ्गिकता झन् गहिरो बनाएको छ । यति हुँदाहुँदै पनि आयुर्वेदले धेरै चुनौतीको सामना गरिरहेको छ। वैज्ञानिक प्रमाणको अभाव र पद्धतिगत अनुसन्धानको कमीले यसको विश्वसनीयता कम गर्ने खतरा छ । यसबाहेक गुणस्तरीय औषधि उत्पादन, पञ्जीकरण प्रणालीको अभाव र बजार व्यवस्थापनमा विभिन्न अवरोधका कारण कतिपयले यसको प्रभावकारितामा प्रश्न उठाउने गरेका छन् । हाम्रो देश, जहाँ जडीबुटीको प्रचुरता छ, यहाँ आयुर्वेदको प्रोत्साहनले औषधि उद्योगको विकासका साथै अर्थतन्त्रमा पनि टेवा पुर्‍याउन सक्छ । तर सरकारी नीति र प्रोत्साहनको अभावका कारण यो क्षेत्र हुनुपर्ने जति चलायमान बन्न सकेको छैन ।

आयुर्वेदको महत्त्वलाई आधुनिक जीवनशैलीमा समेट्नका लागि यसलाई वैज्ञानिक आधारमा अनुसन्धान गर्दै प्रमाणित गर्न आवश्यक छ। यसका साथै औषधि उत्पादन र गुणस्तरीय सेवाका लागि सरकारले ठोस नियामक संरचना तयार पार्नुपर्छ। विद्यालय र विश्वविद्यालयस्तरमा आयुर्वेदसम्बन्धी ज्ञान समावेश गरेर नयाँ पुस्तालाई यसबारे सचेत बनाउन सकिन्छ । स्थानीयस्तरमा जडीबुटी खेतीलाई प्रवर्द्धन गर्दै यसको व्यावसायिक उपयोगका लागि लगानी आकर्षित गर्नु आवश्यक छ । आयुर्वेद क्षेत्रलाई चिन्न र प्राथमिकता दिन सकियो भने यसको अध्ययन एवं अनुसन्धानका लागि आयुर्वेदसम्बन्धी विश्वभरका विद्यार्थी एवं अध्ययन, अनुसन्धानकर्ताहरूको गन्तव्यको रूपमा हाम्रो मुलुकलाई स्थापित गर्न सकिन्छ । सर्वोच्च शिखर सगरमाथाको देश, हिमाल र पहाडको देश, जङ्गल र जडीबुटीको देश भनेर हाम्रो पहिचान बनिसकेको कारण पनि काम गर्न हामीलाई सहज छ । भौगोलिक र हावापानीको विविधतामा धनी हाम्रो मुलुकमा विश्वका अधिकांश साथै दुर्लभ जडीबुटीको उपलब्धता र उत्पादन सम्भव छ। यस कारण पनि सरकारले आयुर्वेद क्षेत्रमा अध्ययन, [redacted] दिन तत्परता देखाउनुपर्छ ।

प्राविधिक शिक्षाको पाठ्यक्रममा सुधार जरुरी

स्वतन्त्र विचार

भरत सहनी

bharat.sahani09@gmail.com

हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी) अन्तर्गत ६५ वटा आङ्गिक शिक्षालयहरू, ५८ वटा साझेदारीमा सञ्चालित शिक्षालयहरू, ६३९ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, ४०७ वटा सम्बन्धन लिएका निजी शिक्षालयहरू गरी ११६९ संस्थामा डिप्लोमा तथा प्रि–डिप्लोमा तहका कार्यक्रम सञ्चालन भएपनि विगत केही वर्षयता विभिन्न कार्यक्रममा भर्ना दरमा आएको कमीले कतिपय शिक्षण संस्थामा त्यस्ता कार्यक्रम बन्द भएका पनि छन् । त्यसैगरी छोटो अवधिका सीपमूलक तालीम सञ्चालनका लागि सिटिइभिटीबाट सम्बन्धन लिएका संस्थाहरूको सङ्ख्या १६१८ वटा रहेका छन्। प्राविधिक शिक्षा प्रदायक संस्थाहरू देशमा प्रशस्त मात्रामा भए पनि विद्यमान कोटाको तुलनामा असाध्यै कम मात्रामा विद्यार्थी भर्ना भएको देखिन्छ । २०७६ सालमा ३२,४६८ कोटा रहेकोमा २२,५१९ विद्यार्थी मात्र भर्ना भएका थिए भने २०७७ सालमा २८,६५९ कोटामध्ये डिप्लोमा र प्रि–डिप्लोमा गरी १२,२६५ विद्यार्थी मात्र भर्ना भएका थिए। त्यसैगरी २०७८ सालमा कुल कोटा २८,३७८ रहेकोमा १०,६५८ विद्यार्थी मात्र भर्ना भए भने २०७९ सालमा कुल कोटा २९,४०४ रहेकोमा १०,०३० विद्यार्थी मात्र भर्ना भएका थिए । २०८० सालमा कुल कोटा २६,९०२ रहेकोमा ८,७१८ विद्यार्थी मात्र भर्ना भएको देखिन्छ । माथिको तथ्याङ्क विश्लेषण गरी हेर्दा विगत पाँच वर्षमा प्राविधिक शिक्षामा विद्यार्थी कोटाको तुलनामा आधाभन्दा कम विद्यार्थी भर्ना भएका र वर्षैपिच्छे विद्यार्थीको भर्नादर घट्दो क्रममा रहेको छ, जुन प्राविधिक शिक्षाको लागि नराम्रो सङ्केत हो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले उपलब्ध गराउँदै आएको सीपमूलक शिक्षा बजार सुहाउँदो नभएपछि सरकारले डा.लेखनाथ पौडेलको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन कार्यदल नै बनाएर पाठ्यक्रम सुधारबारे अध्ययन गराएको थियो। सो अध्ययन कार्यदलले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईलाई गएको साता बुझाएको प्रतिवेदनमा हालको प्राविधिक शिक्षा बजारको मााग अनुरूप नभएकोले पाठ्यक्रममा परिमार्जन तथा सुधार गर्नुपर्ने सुझाव दिएको छ । प्राविधिक शिक्षालय र विद्यालयहरूले पढाउँदै आएका प्राविधिक धारमा विषयहरूको पाठ्यक्रममा समन्वयको कमीले विद्यार्थीले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमैं सवाल खडा गरिदिएको छ। प्रतिवेदनमा सामुदायिक विद्यालयमा सञ्चालन भइरहेको कक्षा ९ देखि १२ को प्राविधिक धारमा प्रस्ताव गरिएका विषयवस्तु पुनरवलोकन गरी विद्यार्थीको स्तर अनुकूल बनाउन पाठ्यक्रममा सुधार गर्नुपर्ने सुझाव दिइएको छ। सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक धार अन्य शैक्षिक संस्थाहरूबाट सञ्चालित कार्यक्रम र सिटिइभिटीबाट सञ्चालित यस्तै कार्यक्रम र डिप्लोमा कार्यक्रमहरूमा समन्वय र प्राविधिक विषयमा एकरूपता कायम गर्न सिटिइभिटीका पाठ्यक्रममा सुधार गर्नुपर्ने सो प्रतिवेदनले औंल्याएको छ ।

सामुदायिक विद्यालयहरूमा कक्षा ९–१२ मा सञ्चालित प्राविधिक धारका पाठ्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले सञ्चालन गर्दै आएको प्राविधिक धारका पाठ्यक्रमबीच समन्वय नभएकोले प्राविधिक शिक्षा नै भद्रगोल बनेको सो प्रतिवेदनमा उल्लेख गरिएको छ। बजार र उद्योगले हालको प्राविधिक शिक्षाको पाठ्यक्रम रुचाएको छैन। बजारको माग एकातिर र पाठ्यक्रम अर्कोतिर फर्किएको देखिन्छ । सीपमूलक शिक्षा भनिएको भए पनि कक्षामा पढाउने साधारण शिक्षाजस्तै देखिएको छ । तीन/तीन वर्षसम्म विद्यार्थीहरूले ब्याक पेपर च्याप्पुपरेको अवस्था छ। यस्तो अवस्थामा कहिले सीप सिक्ने र कहिले बिक्ने ? प्रश्न ठड्याइएको छ । एकतिहाई पाठ्यक्रम गणित, विज्ञान, सामाजिक, अङ्ग्रेजी पढाएर पनि सीपमूलक शिक्षा हुन्छ ? यस्तो पाठ्यक्रमलाई भद्रगोल पाठ्यक्रम भनिन्छ। यसकारण अबको पाठ्यक्रम बजार माग र समयानुकूल सीपमूलक बनाउन सिटिइभिटीको पाठ्यक्रम सुधार गर्नु आवश्यक छ।

सिटिइभिटीको पाठ्यक्रममा समय अनुकूल सुधार भएमा माध्यमिक तहको कक्षा ९ र १० मा हालको प्राविधिक धारको सट्टामा व्यावसायिक शिक्षाउन्मुख अभिमुखीकरण हुन्छ । जस्तैः पेशा, व्यवसाय, वृत्ति, मार्ग निर्देशनजस्ता विषयहरू ऐच्छिक विषयका रूपमा समावेश गर्नु उपयुक्त हुन्छ। यसमा कुनै निश्चित व्यावसायिक सीप पनि प्रदान गर्न सकिने व्यवस्था गर्नुपर्छ । विद्यालय तहभित्रका प्राविधिक तह र सिटिइभिटीको डिप्लोमा कोर्सबीच समन्वयको खाँचो छ । कक्षा ११ र १२ को प्राविधिक धारको पाठ्यक्रम परिमार्जन गरी कक्षा १० पछि र सिटिइभिटीका प्रि–डिप्लोमा तह उत्तीर्ण विद्यार्थीलाई २ वर्षको कक्षागत सिकाइ र ६ महीनाको कार्यगत तालीमको व्यवस्था हुने गरी डिप्लोमा सरहको कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिन्छ।

माध्यमिक शिक्षा कक्षा ९–१० मा हाल सञ्चालनमा रहेको प्राविधिक धारको सट्टा साधारण धारको पाठ्यक्रम सञ्चालनमा ऐच्छिक दुई विषयमा व्यवसाय उन्मुख विषयवस्तु समावेश गर्नुपर्ने, डिप्लोमा तथा कक्षा ११ र १२ को प्राविधिक धारको पाठ्यक्रममा प्राविधिक विषयमा एकरूपता कायम गर्नुका साथै दुवैमा व्यवहार कुशल सीप र कार्यस्थलसम्बन्धी सीपलाई एकीकृत गर्नुपर्ने भएकोले पनि विद्यालय तहको प्राविधिक धार र सिटिइभिटीतर्फका प्राविधिक धारको समन्वय आवश्यक रहेकोले प्राविधिक धारको पाठ्यक्रममा सुधार आवश्यक रहेको छ ।

हाल विद्यालय तह र सिटिइभिटीमार्फत सञ्चालन हुने प्राविधिक धारमा विषयहरू उस्तै भएपनि परीक्षा बोर्ड फरक छ। पठन र मूल्याङ्कन प्रणाली पनि फरक छ। यसले प्राविधिक शिक्षातर्फ एकरूपता देखिएको छैन । सामुदायिक विद्यालयका विद्यार्थीले पाउने शैक्षिक योग्यताको प्रमाणपत्र र सिटिइभिटीले प्रदान गर्ने शैक्षिक प्रमाणपत्रमा पनि फरक छ। यसले हाम्रा विद्यार्थीलाई देश तथा विदेशमा समेत अध्ययन गर्न समस्या आएको छ। यसले विद्यार्थीको प्रमाणपत्रमा समेत सवाल खडा गरिदिएको छ। यी सबै विषयमा एकरूपता कायम गर्न र विद्यालय तथा प्राविधिक शिक्षालयहरूको विषयवस्तुमा समेत समन्वय ल्याउनेगरी काम अगाडि बढाउनु जरुरी देखिन्छ ।

हालको ग्रेडिङ मूल्याङ्कन प्रणालीमा समेत सुधार गर्नु आवश्यक छ। सरकारले ग्रेडिङमा समेत उत्तीर्ण र अनुत्तीर्णकै आधारमा मूल्याङ्कन गर्ने गरेकोले सान्दर्भिक नभएको देखिन्छ। आन्तरिक मूल्याङ्कन र अन्तिम परीक्षाका अभ्यास भएपनि मूल्याङ्कनको जोड निरन्तर सुधारको सट्टा ग्रेडिङ (उत्तीर्ण/अनुत्तीर्ण) अर्थात् निर्णयात्मक रहेको छ। सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा विद्यार्थीहरू अलग–अलग उत्तीर्ण हुनुपर्ने व्यवस्थाले विद्यार्थीहरूले सामान्यतः सिकाइ र सीप प्राप्तिको सट्टा अन्तिम परीक्षामा जोड दिएको देखिन्छ। पास र फेलको साटो ४ देखि ६ वटा स्तरहरूको अक्षराङ्कन पद्धतिमा ग्रेडिङ गर्नु आवश्यक छ । यसबाट विद्यार्थीले वास्तविक सीप सिक्न पाउनेछन् ।

सिटिइभिटीले उपलब्ध गराउँदै आएको छोटो अवधिको तालीमसमेत व्यावहारिक र प्रभावकारी नभएको देखिएको छ । श्रम बजारको मागमा आधारित छोटो अवधिको तालीममा उद्योग, व्यवसायी तथा रोजगारदाताको प्रभावकारी समन्वय र सहकार्य कमजोर रहेको, पाठ्यक्रम निर्माणमा लाग्ने न्यूनतम समय र प्रतिएकाइ लागत बढी भएको देखिएको छ । छोटो अवधिको तालीमलाई सीप परीक्षणको नतीजासँग आबद्ध गर्दा तालीममा सीप सिकाइभन्दा पनि सीप परीक्षण परीक्षामा उत्तीर्ण हुने कार्यमा जोड दिने गरिएको, पाठ्यक्रमले निर्दिष्ट गरेको ज्ञान तथा सीप प्रशिक्षण क्रियाकलापमा प्रभावकारी नभएको, अधिकांश तालीम गुणात्मकभन्दा पनि परिणात्मकमा जोड दिएको र तालीमलाई उद्योग, व्यवसायी र रोजगारदाताको आवश्यकता नभई वितरणमुखी बनाइएको देखिन्छ ।

सरकारको प्राविधिक शिक्षासम्बन्धी बदलिंदो नीतिले पनि विद्यार्थीको आकर्षण घट्दै गएको देखिन्छ भने विभिन्न आन्दोलनका कारण गत वर्ष भर्नामा ढिलाइ भएका कारण धेरै विद्यार्थी विदेशिएका देखिन्छन् । अर्कोतिर सामुदायिक विद्यालयको प्राविधिक शिक्षाको कन्तबिजोग छ। कक्षा ९ देखि १२ को प्राविधिक शिक्षामा शिक्षक र विद्यार्थी दुवैतिर कम सङ्ख्या छ, जसले गर्दा यस्ता प्राविधिक विद्यालयहरू धमाधम बन्द हुने क्रममा छन् । तसर्थ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा व्यापक सुधारतर्फ सरकारले बेलैमा ध्यान दिनु आवश्यक रहेको छ ।

> **सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा अलग–अलग उत्तीर्ण हुनुपर्ने व्यवस्थाले विद्यार्थीहरूले सिकाइ र सीप प्राप्तिको सट्टा अन्तिम परीक्षामा जोड दिएको देखिन्छ। पास र फेलको साटो ४ देखि ६ वटा स्तरको अक्षराङ्कन पद्धतिमा ग्रेडिङ गर्नु आवश्यक छ । अनि विद्यार्थीले वास्तविक सीप सिक्न पाउँछन् ।**

लगानीकर्ताले कसरी लिने कानूनी लाभ

विचार

अच्युतकुमार ओझा

धितोपत्र बजार जोखिम र सम्भावनाको पिङ हो । यहाँ हरेकले कमाउन र रमाउन सक्छन् तर अरूको देखासिकीमा नबुझी र नजानी प्रवेश गरेका प्रत्येक लगानीकर्ताले गुमाउने निश्चित छ। धितोपत्र बजार यस्तो ठाउँ हो, जहाँ १० प्रतिशतले कमाउने र ९० प्रतिशतले गुमाउने गर्छन्। त्यसैले कैयौंले यसलाई अपव्याख्या गरेर जुवाको संज्ञा दिएका छन् तर यो क्षेत्र त्यसो नभई जोखिमले भरिएको भरपूर खजाना हो। जानेर झिक्न सक्ने हो भने बहुमूल्य सम्पत्ति प्राप्त हुनेछ तर लहडमा दौडिन थाल्यौं भने भएकै धन पनि गुम्ने पक्का छ । यस्तो बजारलाई व्यवस्थित र मर्यादित ढङ्गबाट सञ्चालन गर्न र बजारमा हुने अराजक गतिविधिलाई नियमन र नियन्त्रण गर्न राज्य वा नियामक निकायहरूले नीतिनियम बनाउने गर्छन्।

हरेक लगानीकर्तालाई कानूनको सीमाभित्र अवसरको पहिचान गरेर परिणामहरू प्राप्त गर्न सक्ने स्थान उपलब्ध गराइएको हुन्छ । तर ती सीमाभित्रका सम्भावनाहरू लगानीकर्ताले तब देख्न र बुझ्न सक्ने हुन्छन्, जब त्यसको अध्ययन, अभ्यास र छलफलमा सहभागी हुने समय र आँटका लागि स्वयंले आफूलाई प्रोत्साहित गर्न थाल्छ। यसरी उत्साहित लगानीकर्तामध्ये गहिरो र गम्भीर ढङ्गबाट आफूलाई प्रस्तुत गर्नेहरूले त्यही नियमभित्र पनि अरूले भन्दा बढी फाइदाका छिद्र पहिल्याएका थुप्रै उदाहरण छन्। यस आलेखमा प्रचलित केही कानूनी व्यवस्थाभित्र नबुझी लगानी गर्दा र बुझेर गर्दा एउटा लगानीकर्ताले कसरी तुलनात्मकरूपमा बढी लाभ लिन सक्छ भन्ने देखाउन खोजिएको छ।

धितोपत्र कारोबार कमिशनसम्बन्धी व्यवस्था :

लगानीकर्ताले धितोपत्रका उपकरण शेयर, डिबेन्चर, बन्ड र म्युचुअल फन्ड आदिको कारोबार गर्दा धितोपत्र दलाल, नेपाल स्टक एक्सचेन्ज (नेप्से), धितोपत्र बोर्ड (सेबोन) र निक्षेप सदस्यहरूलाई विभिन्न किसिमको दस्तुर तिर्नुपर्ने हुन्छ। जुन कारोबार रकमका आधारमा निर्धारण हुने गर्छ ।

क) शेयर कारोबारः धितोपत्र बजारमा शेयर कारोबार रकम सीमाको आधारमा कमिशन तिर्नुपर्ने हुन्छ। रु ५० हजारसम्मलाई ०.३६ प्रतिशत, रु ५० हजारभन्दा माथि रु पाँच लाखसम्मलाई ०.३३ प्रतिशत, रु पाँच लाखभन्दा माथि रु २० लाखसम्मलाई ०.३१ प्रतिशत, रु २० लाखभन्दा माथि रु एक करोडसम्मलाई ०.२७ प्रतिशत र रु एक करोडभन्दा माथिको हकमा ०.२४ प्रतिशत रहेको छ ।

ख) बोन्ड र डिबेन्चर कारोबारः धितोपत्र बजारमा कारोबार हुने नेपाल सरकार, राष्ट्र बैंक र कर्पोरेट संस्थाले जारी गरेका बन्ड र डिबेन्चरको हकमा रु पाँच लाखसम्म ०.१० प्रतिशत वा रु १० जुन बढी हुन्छ सो बराबरको दस्तुर

(बाँकी अन्तिम पातामा)

> **यसैले समृद्ध बन्न चाहने हरेक लगानीकर्ताले राज्य र नियामकले बनाएको कानून पढेर, बुझेर अनुशासनसहित अभ्यासमा ल्याएर जसरी सुन्तला निचोरेर रस निकालिन्छ त्यसरी नै कानूनी व्यवस्थालाई निचोरेर लगानीमा प्रतिफलको जुस निकाल्न सक्नु नै सफल बन्ने मूल मार्ग हो ।**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका

२०८१ माघ ०५ गते शनिवार　प्रतीक　2025 January 18 Saturday

सङ्गममा डुबुल्की

स्वान्त सुखाय:

सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

अहिले महाकुम्भको मेला चलिरहेको छ भारतमा । विश्वका हिन्दूहरूमा यस मेलाले उत्साह बढाइदिएको छ । डेढ महीनासम्म चल्ने मेला हेर्न जान धेरै मानिसमा यस चर्चाले नै उत्साह जगाएको देखिएको छ । विभिन्न मिडियाहरूमा आइरहेका समाचारमा मेलामा करोडौं मानिस पुग्ने विश्वास गरिएको छ। मेला लाग्ने ठाउँ उत्तर प्रदेशको प्रयागराज शहर हो । शहरभन्दा पनि तीन नदीको सङ्गमस्थल हो। गङ्गा, यमुना र सरस्वती गरी तीन नदीको सङ्गमस्थलमा स्नान गर्ने रहर सबैलाई हुन्छ ।

करीब साढे दुई वर्ष अघिको कुरो हो । घरबाट बनारस हुँदै आगरा अनि वृन्दावनसम्मको यात्रामा निस्कँदा सङ्गममा डुबुल्की लगाउने खासै योजना थिएन । मित्रहरू जब बनारसमा बाबा विश्वनाथको दर्शन गरे तब तय भयो कि वृन्दावन जानुभन्दा पहिले कुम्भ मेला लाग्ने सङ्गमस्थलमा पनि डुबुल्की मारौं । आखिरमा लाग्ने समय भनेको आधा दिन मात्र रहेछ । पूरा एक दिन पनि नलाग्ने भएकोले सबैले होमा हो मिलाए अनि सर्वसम्मतिले यात्रा मोडियो सङ्गमतर्फ ।

सङ्गमको यात्रा हाम्रो लागि पूर्णतः नयाँ थियो । बनारस त पटकपटक पुगेका हौं तर यहाँभन्दा टाढा गएकै छैनौं । अनि सोध्दै र गुगलको नक्शा हेर्दै अगाडि बढ्नु स्वाभाविक हो । यही स्वाभाविकतालाई हामीले पछ्याएका हौं, पछ्याउँदै आएका हौं ।

खासै टाढा छैन बनारसबाट प्रयागराज तर प्रयागराज आफैंमा एउटा विशाल शहर हो । यसको मुख्य सुन्दरता हरियाली पनि हो । हरियालीसँगै फराकिला सडकहरूले यस शहरको सुन्दरता बढाएको छ । यद्यपि हाम्रो मुख्य सरोकार हो, सङ्गम–स्नान । म सानैदेखि घरमा आउने धार्मिक पोस्टरहरूमा प्रयागराजलाई चिन्दै आएको छु । यस कारण मभित्र एउटा छुट्टै अनुभूति र आनन्दपूर्ण उत्सुकता बढेको छ । आज त्यो ठाउँमा पाइला टेक्दैछु, जहाँ टेक्नको लागि पहिलेका मानिसले निकै तयारी गर्नुपर्थ्यो । अहिले त धेरै सुविधाको विकास भएको छ र मानिसको अर्थतन्त्र पनि सबल हुँदै गएको छ । चेतनाको पनि विस्तार भएको छ तर पहिले यी कुराहरूको अभावमा निकै कम मानिस यस ठाउँमा पुग्दथे । पुगेका केही मानिसहरूबाट पनि यसको महिमा सुनेको छु । यसैले जतिजति निकट आइरहेको छ सङ्गमस्थल, त्यति मेरो उत्सुकताले विस्तार पाइरहेको छ । म एक हिसाबले बढी अधीर भइरहेको छु यस त्रिवेणीमा डुबुल्की लगाउन ।

जब सडकबाट निर्देशन अनुसार गाडी मोडिन्छ सङ्गम भनिएको ठाउँतिर, तब देखिन्छ विशाल फाँट । हो, फाँटको विशालता पनि विभाजित छ, तर लाग्छ यो हजारौं बिघाको होला । अनुमान हुन्छ यहीं मेला लाग्दछ । खेलतमाशाको ठाउँ होला तर यथार्थमा यात्रुहरूका लागि विश्राम गर्ने थलोको रूपमा यसलाई बनाइएको हुन्छ । सुनिन्छ, कुम्भ मेलाको समयमा यहाँ यति धेरै मानिस आउँछन् कि यत्रो ठाउँ पनि साँघुरो हुन पुग्दछ । सुन्दा पत्यारै लाग्दैन किनभने यति फराकिलो ठाउँ छ कि दश बीस लाख मानिस सजिलै अटाउँछन् अनि यति धेरै फराकिलो ठाउँ पनि कसरी साँघुरो हुन जान्छ होला ? तर नपत्याउनु पनि कसरी। जसलाई सोध्यो उही कुरा भन्छन्। धेरैको भनाइले सम्मति दिन कर लाग्दछ। विस्तारै पुग्दछौं घाटतिर हामी।

सङ्गमको किनार पनि निकै ठूलो छ। हुनत स्पष्ट देख्न सकिन्छ, परैबाट, कताबाट यमुना आएको छ र कताबाट गङ्गा । कता पानी गइरहेको छ भन्ने कुरो छुट्याउन खासै गारो हुँदैन । दुई ठूला नदीहरूको मिलन भएको ठाउँ आफैंमा मनमोहक हुन्छ। यस्ता स्थानहरू आफैंमा मानव बस्ती तथा अन्य कारणले ऐतिहासिक हुन्छन् । हिन्दू धर्ममा हरेक दुई नदी मिसिएको ठाउँलाई सङ्गम मानिने र दुई नदीको मिलन भएको ठाउँलाई धार्मिक दृष्टिकोणले पवित्र मानिने चलन छ । शास्त्रहरूमा सङ्गमको महत्त्व यसकारण बढी मानिएको पाइन्छ कि समुद्र मन्थन हुँदा निस्केको अमृतको थोपा यहीं खसेको थियो । गङ्गा नदीलाई त सबैभन्दा पवित्र नदीको संज्ञा दिइएकै छ। साथै यमुना नदी पनि यहाँ मिसिएको छ र यो पनि मान्यता रहेको छ कि अदृश्यरूपमा सरस्वती नदीको पनि यही मिलन हुन्छ । गङ्गा, यमुना र सरस्वती नदीको मिलन भएको ठाउँमा नै अमृतको थोपा पनि खसेको हुनाले यस त्रिवेणीको महत्त्व अझ विशेष हुन पुगेको छ । सबै दृष्टिकोणले निकै पवित्र बन्न पुगेको देखिन्छ । यसकारण सम्बन्धित तिथिहरूमा यहाँ लाग्ने मेलामा अमृत स्नान प्राप्तिको अभिलाषा धेरैमा हुन्छ । अझ यो पनि मानिन्छ कि जुन मुहूर्तमा अमृतको थोपा झरेको थियो, त्यो तिथि र त्यो मुहूर्तमा स्नान गर्न पाउने धेरै भाग्यमानी हुन्छन् । यस्ता मानिसलाई मुक्ति प्राप्त हुन्छ । मोक्ष प्राप्त हुन्छ ।

किनारसम्म अनेकौं डुङ्गा रहेका छन्। तीमध्ये केही खाली छन्, केहीमा मानिस चढेर गइरहेका छन्, केहीमा मानिसहरू फर्किरहेका छन्। डुङ्गाहरूको तँछाडमछाड छ । अनि अझ यो पनि देखिन्छ कि विभिन्न मानिसहरू नयाँ आगन्तुकतिर दौडिरहेका छन् । हुनत जब मुख्य सडकबाट मोडिएका थियौं, कुम्भ मेला लाग्ने बाटोतिर, त्यहीं पनि रोक्न खोजेका थिए। तीर्थस्थलमा यस्ता मानिसहरू हुन्छन् कि चाहन्छन् सेवा गरूँ र पैसा कमाउँ। धेरै मोलाइ पनि हुन्छ। अनेक किसिमले

आफूलाई श्रेष्ठ साबित गर्ने र सस्तो बताउने प्रयास गर्ने पनि हुन्छन् तर वास्तवमा जति धेरै जोगिन सक्यो उति राम्रो भन्ने हामीलाई लागिरहन्छ । अनावश्यक खर्च पनि नगर्ने र आवश्यक विधि तथा प्रक्रिया पनि पूरा गर्ने सोचमा हामी छौं। आखिरमा विधि र प्रक्रियाहरू मानिसले बनाएका हुन् र मुख्य कुरो स्नान गर्नु हो ।

केही परै गाडी रोक्नुपर्छ र निस्केर त्यहाँ पुग्दछौं जहाँ स्नान गर्नको लागि डुङ्गाको मोलाइ हुन्छ । एउटा डुङ्गामा चढ्छौं सबै कुरो मिलाएर। हाम्रो काम सामूहिक हुन्छ। एक ठाउँमा पैसा राख्छौं र खर्च हुँदै गर्छ। सकिन लागेपछि फेरि सबैजना बराबर उठाएर राख्छौं। यसरी कुनै ठाउँमा केही गर्नुछ भने सबैजना बराबर गरिरहन्छन् मतलब खर्च जति सामूहिक भइरहन्छ । सामूहिक खर्चले सबैलाई मोलाइ गरिरहनुपर्ने झन्झट हुँदैन। अरू विधि र प्रक्रियामा सबैजना सहभागी भए पनि कतिपय कुरामा भने सबैको आवश्यकता नपर्ने पनि हुन्छ ।

डुङ्गा अगाडि बढ्छ। डुङ्गा खियाउनेले आवश्यक निर्देशन दिन्छ। वास्तवमा पानी कति गहिरो छ भन्ने जिज्ञासा हुन्छ तर पानी यत्ति नै छ भन्ने कुरो भन्न मान्दैनन् वा कूटनीतिक उत्तर दिन्छन् डुङ्गा खियाउने मान्छे। ऊ फरासिलो छ, तर हामी भने कुरौटे छौं अर्थात् धेरैजना भएकाले धेरै बोल्छौं। सबैको जिज्ञासाको समाधान कोही एकजनाले गर्न पनि सजिलो हुँदैन। केही बेरमा हामी पुग्दछौं त्यहाँ, जसलाई सङ्गम भनिन्छ । मलाई के लागेको छ भने सङ्गमको वास्तविक ठाउँ पचास मिटर जति टाढा होला । दुई नदीको पानीको मुख्य बहाव आएर जुन ठाउँमा मिसिन्छ, त्यै वास्तविक सङ्गम हो। अनि दुवै नदीको धार ठूलो भएकोले फलानै ठाउँमा एकनासले पानी मिसिइरहन्छ भन्ने पनि होइन। तर यसरी

(बाँकी चौथो पातामा)

डा अम्बेडकरको सङ्घर्ष

(अपहेलितदेखि अति सम्मानितसम्म)

इतिहास

सुशील मुडभरी

डा बाबा भीमराव अम्बेडकरले जीवनको सुरूआती अवस्थामा साह्रै नारकीय, कष्टकर र सङ्घर्षपूर्ण जीवन बिताउनुपरेको थियो भने जीवनको पछिल्लो अवस्थामा अति सम्मानित व्यक्तित्व हुन सक्नुभएको थियो। जन्मदा अम्बेडकर ... उहाँ शुद्र अछूत ‘मछार’ जातिको भीमराव सकपाल दलित मात्र हुनुहुन्थ्यो तर पछि उहाँ डा बाबा भीमराव अम्बेडकर बन्नुभयो। शुद्र दलित भनिने गरेका गरीब कुलमा पनि विलक्षण प्रतिभा भएकाहरू जन्मन्छन् तर तिनलाई उचित व्यवस्थापन गरिदिने मानिस नहुँदा सामाजिक बन्धनको फोहरी खेलमैं हराउँछन् । एउटा भनाइ छ विश्वमा मानिसहरू जन्मिरहन्छन्, मरिरहन्छन् यो प्रकृतिको नियम हो । तर त्यसमध्ये महामानव बन्ने सौभाग्य थोरैले मात्र प्राप्त गरेका हुन्छन् । प्राथमिक पढाइ विद्यालयमा पढ्न थाल्नुभएका भीमराव सकसपूर्ण पढाइ गर्दै हुनुहुन्थ्यो । त्यस स्कूलमा पढाउने शिक्षकमध्ये एउटा शिक्षक कृष्ण केशर अम्बेडकरको नजरमा भीमराव पर्न जानुभयो। यिनमा विलक्षण प्रतिभा देखेर ती शिक्षक कृष्ण केशरले भीमरावलाई पढ्न विशेष संरक्षण गरिदिनुभयो र आफूले धारण गरेको उपनाम अम्बेडकर यिनको नाममा पनि जोडिदिनुभयो। हाईस्कूलको पढाइ जन्मेको गाउँ इन्दौरमैं सकेर उच्च शिक्षा पढ्न बम्बई जाने व्यवस्थासम्म उनकै सहयोगले सम्भव भयो ।

बहिष्कृत र उपेक्षित जीवन बिताएरै भएपनि सन् १९१२ मा बम्बईमा उहाँले राम्रो श्रेणीमा बिएससी पास गर्नुभयो। कोलम्बो विश्वविद्यालयमा अर्थशास्त्र पढ्न जान चुनिए पनि आर्थिक अभावले समस्या आइलाग्यो। यो समस्या कसरी हल गर्ने भनी उहाँको बुबा रामजी सकपाल र आमा भीमाबाई साह्रै चिन्तामा परे । आमा भीमाबाई कालीभक्त थिइन्, साह्रै मीठो भजन गाउथिइन्, मानिसहरू झुम्थे, तैपनि मन्दिर पस्न मनाही थियो, पुजारीले गाउँलेको आँखा छलेर दर्शन गराइदिन्थे। यी भीमाबाईको भजनबाट प्रभावित भएर एकजना रजौटा यिनलाई बहिनीसरह माया गर्थे। र ती रजौटाले अम्बेडकरलाई युरोप जान मदत गरे। त्यहाँ उनले सोशल साइन्स, अर्थशास्त्रसमेत गरी लगातार छ विषयमा पिएचडी गरे। बैरिस्टरसमेत पास गरी सन् १९२३ मा उनी भारत आए। त्यस बेलासम्म भारतमा यतिधेरै विषयमा विद्यावारिधि गर्ने अर्को व्यक्ति नभएकोले उहाँले यहाँ उच्च सम्मान पाउनुभयो ।

डा अम्बेडकर आफ्नो संस्मरणमा लेख्नुहुन्छ– त्यसताकाका चर्चित नेताहरू गाँधी, नेहरू, डा राजेन्द्रप्रसाद र अन्य क्रान्तिकारी नेताहरूको सम्पर्कमा आएपछि म पनि भारतीय स्वतन्त्रता सङ्ग्राममा होमिन मौका पाएँ । मेरो काँधमा भारतीय स्वतन्त्रताको लडाइँको साथै दलित पीडितहरूको मुक्तिको जिम्मेवारी पनि थियो । म काङ्ग्रेसभित्रैबाटै बेलायती सरकारको विरोधको साथसाथै दलित मुक्तिको कार्यक्रम पनि तीव्र गतिमा लान चाहन्थे। दलित मुक्तिको लागि गाँधीजीले स्वतन्त्ररूपले प्रार्थनासभाहरू गर्नुहुन्थ्यो र काङ्ग्रेसभित्र पनि बराबर दलित मुक्तिको लागि वाचा बन्धन गरिन्थे। तर हजारौं हजार वर्षदेखि रजाइँ गर्दै आएकाहरू टसमस हुने देखिनँ । यसैले १९२७ मा दलित मुक्ति मोर्चाको नामबाट अलग्गै आन्दोलनको घोषणा गरेर मनुस्मृति जलाएर सुरुआत गरे । तब समाजमा निकै ठूलो हलचल मचियो। गाँधी स्वयंले म दलित जातिको मुक्तिको मार्गमा छु, यसैले भौतिक आन्दोलन रोक्न अनुरोध गर्दै अनशनसमेत बस्नुभयो । नेहरूजीले काङ्ग्रेसभित्रैबाट व्यापक सुधार गरौं, यसैबाट आन्दोलन गरौं, अलग्गै गरिएको



कार्य रोकौं भन्नुभयो । मैले गरेको आन्दोलनबाट बेलायती सरकारले फाइदा लिन नपाओस् भनी मैले केही दिनको लागि आन्दोलन रोकें । तर मुक्ति कार्य सुस्त गतिमा देखेर पछि मैले पटकपटक आन्दोलन दोहोर्‍याइरहनुपर्‍यो। स्वतन्त्रता प्राप्तिपछि भारतको संविधान निर्माण गर्ने दलको मुख्य पद मलाई दिइयो । दलका सबै मिलेर संसारभरिकै प्रजातान्त्रिक संविधान अध्ययन गरेर भारतलाई उच्चकोटिको संविधान दियौं। जुन संविधान संसारभरिकै मुलुकमा र राष्ट्रसङ्घसमेतमा प्रशंसित भयो । संविधान निर्माणपछि मलाई नेहरूजीले मन्त्रिमण्डलमा कानूनमन्त्रीको जिम्मेवारी दिनुभयो । नेताहरू स्वच्छ थिए, बुद्धिजीवीहरू जकडिएको भेदभाव निर्मूल गर्न चाहन्थे तर कट्टरवादीहरू समाजलाई धमिलो नै राख्न चाहन्थे। यसबाट उनीहरू लाभान्वित थिए । धेरै वर्षसम्म पनि आशाको किरण आउने छाट नदेखेपछि संसारको उत्कृष्ट धर्म बुद्ध धर्ममा धर्मान्तरण गर्ने अठोट गरे ।

अम्बेडकरले धर्मान्तरण गर्न लागेको थाहा पाएर विभिन्न धर्मगुरुहरू अर्थात् हिन्दूका पण्डितहरू, मुसलमान मौलवीहरू, आर्य समाजी, कबीर पन्थी आदि उनलाई भेट आउन थाले । हिन्दू पक्षधर अन्यत्र नजाओस् भन्ने थियो भने मौलवीहरू इस्लाममा प्रवेश गराउने पक्षमा थिए ।

एक दिन एकजना पण्डित पुरानो मनुस्मृति हातमा लिएर अम्बेडकरलाई भेट्न आएका थिए । उनी भन्न थाले– तपाईंहरूले मुक्ति आन्दोलनमा जलाउनुभएको मनुस्मृति नक्कली थियो। मुगल बादशाहहरूले भारतमा शासन गर्दाको अवस्थामा तयार गरिएको हो । पुरानो वास्तविक मनुस्मृति छ अध्यायको मात्र छ र त्यहाँ शुद्रलाई पढ्न नदिनु आदि लेखिएका कुराहरू छँदैछैन। वेद र उपनिषद् जस्तो प्रकृति र ब्रह्माण्डको वर्णन भएको ज्ञानको भण्डार अन्त छैन भन्न थाले । अम्बेडकरले जवाफ दिंदै भने, मनुस्मृति मात्र होइन वेदहरू जस्तो प्रकृति पूजक अथाह ज्ञानको ग्रन्थलाई पछिका पण्डितहरूले थपघट गरेर विकृत बनाइदिएका छन्। अब यी कुराहरू मेरो समस्या नभएर तपाईंहरूको समस्या भएको छ । त्यस्तो अमूल्य ग्रन्थहरूलाई सच्याएर पेवा बनाउने काम कसले गरेको हो दण्डित गर्नुहोस् भन्दै भेट्न आउनुभएकोमा शुभकामना भनी बिदा गरिदिनुभयो ।

यसपछि मौलवी मुस्लिमहरूलाई समय दिएर भन्न थाल्नुभयो– हिन्दूहरूभन्दा फरक भएपनि तपाईंहरूतिर झन् बढी समस्या छ। त्यो के भने हामी जन्म दिने आमालाई माँ भनी उच्च सम्मान दिन्छौं, तर तपाईंहरूले नारी जातिलाई उच्च स्थानमा राख्नुको सट्टा बन्द पर्दाभित्र राख्नमा गौरव ठान्नुभयो। आफू जन्मे हुर्केको मुलुकभन्दा मन मिल्ने विदेशीलाई उच्च सम्मान दिनुहुन्न । म त्यहाँ आएर सुधार गर्न सक्छु भन्ने आशा नभएकोले बिदाइ भनी पठाइदिनुभयो ।

अर्को दिन भेट्न आएका आर्य समाजीलाई भन्नुभयो– तपाईंहरूले केही हदसम्म अन्धविश्वासी, समाजविरोधी कट्टरता हटाउन सफल हुनुभएको छ । तर तपाईंहरू मुक्ति आन्दोलनलाई होम, यज्ञ, मन्त्र, उच्चारण र आत्मा परमात्मामा लगेर जोडिदिनुहुन्छ, यसैले फेरि पुरानपन्थी बाटो समाएझैं लागेकाले तपाईंलाई पनि ससम्मान बिदाइ गर्न चाहन्छु भनी बिदा दिनुभयो ।

उहाँका थुप्रै दाजुभाइमध्ये एउटा कबीर पन्थीमा लाग्नुभएका दाजुलाई भन्नुभयो- कबीरजी चौधौं-पन्ध्रौं शताब्दीका साह्रै राम्रा समाज सुधारक हुनुहुन्थ्यो। त्यस बेलाका कट्टरवादी हिन्दू र मुसलमान दुवैका कट्टर आलोचक हुनुहुन्थ्यो। प्रशंसनीय हुनुहुन्थ्यो तर उहाँकै नामबाट पन्थ बनाएर अन्धविश्वास जन्माएको जस्तो लाग्छ। यस्तैयस्तै कुरा भएपछि ती दाजु आफ्नो बाटो त्यागेर अम्बेडकरको पछि लाग्नुभयो ।

विश्व ब्रह्माण्डभरिका धर्मान्धहरूले थापेको पासोमा मानवहरू कहिलेसम्म छटपटिरहने हुन् अनिश्चित छ ।

रोचक तथ्य

- ७० वर्षको उमेरमा मानिसले छ वर्षजस्तो समय खानपिनमा बिताउने गर्छ ।
- एउटा पेन्सिलले लगभग ३५ माइल लामो धर्सा कोर्न सक्छ ।
- सन् १९६९ मा अपोलो-११ चन्द्रमामा अवतरण गर्दा पृथ्वीका तीन भागमध्ये एक भागका मानिसले त्यो दृश्य टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेरिरहेका थिए ।
- टर्की मात्र एउटा यस्तो देश हो, जुन देशको भूभाग एशिया र युरोप दुवै महादेशमा पर्छ ।

मानवता

(लघुकथा)

नवराज रिजाल

सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

"दाइ, मेरो अस्मिता बचाइदिनुस् पछ्याउँदै एक हुल नरपशुहरू आइरहेछन्। रोएँ, कराएँ, दयाको भीख मागें सुनेनन्। उहाँलाई भेट्न हिजो गाउँबाट आएकी। कोठा छाडिसक्नुभएछ । भोलि घर फर्कन्छु । केवल आजको चार प्रहर रात," यसरी अभिव्यक्त भएकी थिई ऊ र आँखाबाट मोतीका दाना झरिरहेका थिए। कपाल अस्तव्यस्त देखिन्थ्यो । अनुहार भयभीत र शरीर लगलग काम्दै थियो ।

केही पसलहरू खुल्लै भएपनि अधिकांश बन्द भइसकेका थिए। हामीहरू सुरापानमा मस्त थियौं । सबैका जिब्रा लरखरिए पनि पिउने क्रम यथावत् थियो। पसलेले सहानुभूति दर्शाउँदै उसलाई भित्र बोलायो। उसलाई पहिले त नपस्न भन्यौं, तथापि हामी रक्स्याहा थियौं । "आउ छोरी म दिन्छु बास र सुरक्षा।" पसलेका शब्दहरूले ऊ विश्वस्त भई । आश्वस्त देखिई। पछ्याउँदै आउनेहरू अगाडि बढे।

आफन्त घर जाने दिन थियो । भोलिदेखि अस्पताल धाउन नपर्ने भएकाले खुशी थिएँ तर त्यो बिरामीलाई कहाँ देखें भन्ने जिज्ञासाले सताइरह्यो । दुई साताभरिमा त्यो बिरामीको कुनै आफन्तलाई नदेख्दा मनमा आशङ्का उब्जिएका थिए नै ।

नानी, तिमीलाई कतै देखेजस्तो लाग्यो ठम्याउन सकिनँ, केही आपत्ति छैन भने परिचय पाऊँ न... । उसका आँखा भरिए। शिर निहुर्‍याएर भनी, "म श्रीमान् ... गाउँबाट आएकी तर सम्पर्क ... विगत तीन हप्तादेखि बेवारिसरूपमा यही ओछ्यानमा सुतिरहेकी छु। मेरो अवस्थाबाट उहाँ र घर अनभिज्ञ छन्।"

एक हुल दुष्टहरूबाट जोगिए पनि अर्का हुलबाट ..." उसले योभन्दा बढी भन्न सकिनँ। मेरो आँखाभरि त्यो रात, पसल, म र उसले मागेको अस्मितारक्षाका शब्दहरू नाचिरहे।

आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

आधुनिकजगत्मा हामी जसलाई वैज्ञानिक दृष्टिकोण भएको भन्छौं, उनीहरू नास्तिकतालाई मान्छन्। उनीहरू पनि अन्धविश्वासी नै हुन्छन् । आस्तिकहरूले पनि ईश्वरलाई जानेका छैनन्, यिनीहरूले केवल मानेका छन् । यसैले यिनीहरू पनि अन्धविश्वासी नै हुन्। जो नास्तिक छन्, उनीहरूले पनि जानेका छैनन्, उनीहरूले पनि जीवनको परम सत्यको खोज गरेका छैनन्, खोज नगरीकन मानेका मात्रै छन् । त्यसैले यिनीहरू पनि अन्धविश्वासी नै हुन् ।

पिता र पुत्रबीचमा जेनेरेशन ग्याप भएको छ । यदि पिता र पुत्रबीचमा एउटालाई छान्नुपर्‍यो भने पुत्रलाई नै छान्नुपर्छ। तर यसैमा अडिएर बस्नुहुँदैन। यसको पार पनि जानु छ । आधुनिक वैज्ञानिक शिक्षित व्यक्तिहरू पनि नयाँ प्रकारको अन्धविश्वासबाट भरिभराउ छन् । अन्धविश्वास अझै बिदा भएको छैन। अझै पनि आँखा खोलेर हेर्ने तयारी गरेका छैनन्। उनीहरू वैज्ञानिक भएपनि बाहिरको जगत्मा मात्रै अनुसन्धान र खोजबीन गरिरहेका छन् । उनीहरूले भित्रको जगत्मा केही खोजेका छैनन् । तुलनात्मकरूपमा उनीहरूलाई छान्नुपर्छ भन्नुको तात्पर्य यो हो कि उनीहरूको मनमा कमसेकम बाहिरको जगत् सम्बन्धमा सन्देह उत्पन्न भयो, प्रश्न उत्पन्न भयो, खोज्ने उत्सुकता उत्पन्न भयो भन्ने मात्र हो। यही उत्सुकता अब भित्र पनि लगाउनुपर्‍यो । बाहिरको जगत्मा विज्ञान सही भए जस्तै भित्रको जगत्मा ध्यान सही छ। ध्यान आत्माको विज्ञान हो ।

पुरानो युगमा भन्दा आधुनिक युगमा ध्यान गर्नु धेरै जरुरी भएको छ। किनकि मानिसहरूको मन आज जति अशान्त छ, त्यति पहिले कहिल्यै थिएन । अहिलेको शिक्षा प्रणालीले हामीलाई धेरै ठूलाठूला महत्त्वाकाङ्क्षाहरू दिएको छ। सानासाना केटाकेटी आकाशबाट तारा खसाल्न चाहन्छन्। अफिसरभन्दा कमको जागीर कोही खान चाहँदैनन्। कोही ठूला खेलाडी बन्न चाहन्छन् भने कोही प्रशिद्ध अभिनेता वा अभिनेत्री बन्न चाहन्छन्। अझ कोही त प्रधानमन्त्री अथवा राष्ट्रपति नै बन्न चाहन्छन् ।

पुरानो जमानामा मानिसहरूका महत्त्वाकाङ्क्षाहरू यति ठूला थिएनन् । किनकि पहिले अहिलेको जस्तो सुविधा नै थिएन । त्यसैले ठूलाठूला महत्त्वाकाङ्क्षाहरू पूरा गर्न सम्भव नै थिएन । आजको युगमा मानिसले धेरै थोक गर्न सक्छ । तर धेरै थोक गर्ने चक्करमा मानिस दिग्भ्रमित भएको छ। उसलाई थाहा भइरहेको छैन कि यो गरौं कि त्यो गरौं ? यहाँ जाऊँ कि त्यहाँ जाऊँ ? यो बनौं कि त्यो बनौं ?

हामीहरू अक्सर देख्ने गर्छौं, बच्चाहरू जब कक्षा १० पास गरेर प्लस टु मा आउँछन्, तब उनीहरू बहुतै चिन्ताग्रस्त देखिन्छन्। अब कुन दिशामा जाने हो, अगाडि कुन विषय पने हो ? भनेर तय गर्न सक्दैनन्।

यो समयमा पिताजी आफ्नो रुचिको अनुसार एउटा सल्लाह दिइरहेका हुन्छन् भने आमा आफ्नो रुचिको अनुसार अर्को सल्लाह दिइरहेकी हुन्छिन् । ठूलो दाइले अर्कै सल्लाह दिइरहेका हुन्छन् भने बहिनीको सल्लाह अर्कै हुन्छ। यसले गर्दा ऊभित्र धेरै असमञ्जस्यता उत्पन्न भएको हुन्छ कि म के गरौं के नगरौं ? क्रमशः

साइनो

कविता

डा छायादत्त न्यौपाने 'बगर'

सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

विचलित प्रकृति
मान्छेसँग मान्छे छैन
कारिन्दा कर्तव्य गर्दैन ?

कस्तो राम्रो निर्णय !
मरे मरून् भोकाहरू
महानगरीय सौन्दर्य ?

प्रकृति र जीवन
निरन्तर गतिशील
नवीन सिर्जनानुभूति !

अघि अघि हिंड्छु म
नीति नियम छल्छु म
साथीभाइलाई ढाँट्छु म ?

आफैं पुरिने खाल्डो
बोक्सीका अँध्यारा कुरा
खुलेन चेतनाको बिर्को !!!

गन्तव्यहीन यात्रा
विक्षिप्त छ अघिअघि
लड्खडाएका पदचाप !!

मान्छे जन्मेन यहाँ
अगस्तिको बढ्दो भीड
दुनादुनामा जन्मभूमि ?

व्यवसायी छिमेकी
बेचिरहन्छ पटाका
रमाइलो लाग्छ मलाई ?

मेरो माटो

कथा

विश्वराज अधिकारी

सुनीलले महेश अङ्कलको कथा मलाई यसरी सुनाएका थिए–

"आइतवारको दिन थियो । हामी, म र महेश अङ्कल, ओक्लहोमा सिटी जाँदै थियौं। ओक्लहोमा सिटी अर्थात् अमेरिकाको ओक्लहोमा राज्यको राजधानी । हाम्रो स्वादसँग एकदमै मिल्दोजुल्दो खाद्य सामग्रीहरू त्यस शहरका केही पसलहरूमा पाइने हुनाले ती खाद्य सामग्रीहरू खरीद गर्न हामी एक वा दुई महीनामा एकपटक त्यस शहरमा जाने गर्थ्यौं । म अमेरिका आएको मात्र छ महीना भएको थियो। तर महेश अङ्कल आएको २५ वर्ष जति भइसकेको थियो। उनको बसाइ लामो भइसकेकोले सबै थोकको व्यवस्था मिलाइसक्नुभएको थियो। राम्रो जागीर, आफ्नै घर अनि बैंकमा केही बचत पनि । करीबकरीब सबै थोक। म भने भरखर गृहस्थी बसाउने तरखरमा थिएँ । आउँदाआउँदै शुरूको अवस्थामा यहाँ आउनेहरूले भोग्नुपर्ने पीडा, समस्या, चुनौती, अवसर, उमङ्ग आदि मिसिएको परिस्थितिको पोकोलाई विस्तारै खोल्दै थिएँ । प्रवासमा बस्दा मनमा उठ्ने आशा र निराशाको ज्वारभाटाहरूको लेखाजोखा गर्ने प्रारम्भिक अवस्थामा म थिएँ ।"

"म बस्ने शहर, नोरमेनमा आफ्नो निजी गाडी नभएमा अति नै समस्या हुने रहेछ । यहाँसम्म कि सामान्य खाद्य सामग्रीहरू खरीद गर्न समेत पनि आफ्नो गाडी चाहिने रहेछ। वा भनौं आफ्नो गाडी भएपछि निकै सजिलो हुने रहेछ। मसँग गाडी नभएकोले कहिले योसँग कहिले ऊसँग राइड मागेर काम चलाइरहेको थिएँ। यस्तो अवस्थामा म बसेको शहरदेखि ओक्लोहोमा सिटी २०–२५ माइल टाढा भएकोले त्यहाँसम्म पुग्न महेश अङ्कलसँग मैले राइड मागेको थिएँ। उहाँ पनि सपिङ गर्न त्यतै जाँदै हुनुहुन्थ्यो र मलाई पनि केही सामान ल्याउनु थियो, खासगरी दाल, चामल, जीरा, धनिया, परवल, करैला, भुजिया, पापड, सुपारी आदि । यी सामानहरू प्रायः इन्डियन स्टोरहरूमा मात्र पाइन्छन् ।"

"सपिङ गरेर नोरमेन फर्किनका लागि हामीले ओक्लहोमा सिटीबाट बाहिर निस्केर आई ३५ हाइवेमा प्रवेश गर्नु थियो। अनि त्यसपछि आई ३५ हाइवेबाट हाइवे ७७ मा प्रवेश गरेर केही क्षण ड्राइभ गरेपछि नोरमेनमा प्रवेश गर्नु थियो। हामीले सोही अनुरूप गर्‍यौं। नोरमेन पुगेपछि भने रबिन्सन स्ट्रीट क्रस गर्दै बोएड स्ट्रीट र १२औं स्ट्रीटको क्रसिङ नजीकको एक ठाउँमा हामीलाई जानु थियो । त्यहाँ नै महेश अङ्कलको घर थियो । तर त्यता नगएर अङ्कल १२औं स्ट्रीटमैं हिंडिरहनुभयो। उनी अप्रत्याशितरूपमा त्यता गएको देखेर मलाई आश्चर्य लाग्यो । त्यसरी किन गएको होला भनी मैले अनुमानसमेत पनि गर्न सकिनँ ।"

"कारमा म महेश अङ्कलको छेउमैं बसेको थिएँ। त्यसरी अनपेक्षित दिशातिर लाग्नुभएकोले म उहाँलाई आश्चर्यचकित मुद्राले हेर्दै थिएँ । मेरो त्यो हेराइको उहाँले तत्काल अर्थ निकाल्नुभयो र भन्नुभयो– कसैको घरतिर जान थालेको होइन । कसैलाई भेट्नुपर्ने पनि छैन । त्यसैले कता हो कता जान थालेको हो भनी आश्चर्य नमान्नुभए हुन्छ ।"

"मैले आफूलाई रोक्न सकिनँ र झ्वाट प्रश्न गरे– अनि, कता जान थाल्नुभएको त ? केही सामान किन्नु छ कि ? कि भ्यालु फूड (ग्रोसरी पसल)तिर पस्ने हो, हँ अङ्कल ?"

"महेश अङ्कलले जवाफ दिनुभयो– छैन छैन, केही पनि किन्नुछैन । न त कसैलाई भेट्नु नै छ। न त कुनै ग्रोसरी स्टोरमा पसेर केही किन्नु छ। कुनै ग्याँस स्टेशनमा पसेर यो गाडीमा ग्याँस हाल्नुपर्ने पनि छैन ।"

"यति भनेर उहाँले हामी हिंडिरहेको १२औं स्ट्रीट छाड्नुभयो र राइट टर्न लिएर लिन्सी स्ट्रीटमा प्रवेश गर्नुभयो। लिन्सी स्ट्रीटमा केही क्षण हिंडेपछि फेरि लेफ्ट टर्न लिनुभयो अनि ह्युस्टन एभेन्युतिर लाग्नुभयो। यो ठाउँमा आएको देखेर उनले मलाई ह्युस्टन एभेन्युको छेउमा रहेको स्प्रिङ फिल्ड अपार्टमेन्टमा बस्ने एक नेपाली मित्रकहाँ लगेर सरप्राइज दिन थालेको हो कि भनी मैले अनुमान गरें । मलाई एक नेपाली त्यहाँ बसेको पटक्कै थाहा नै नभएको र आज त्यहाँ लगी उनीसँग भेट गराएर ठूलो सरप्राइज दिने विचार महेश अङ्कलले गरेको हो कि भन्ने तर्कना पनि मेरो दिमागमा आयो। तर एक नेपाली परिवार त्यहाँ बस्ने भनी मलाई थाहा थियो केवल त्यो परिवारसँग मेरो भेटघाट मात्र भएको थिएन। तैपनि म चुप लागि नै रहें। महेश अङ्कलले भने मेरो मुहारमा एकै छिन घोरिएर हेर्नुभयो।"

"ह्युस्टन एभेन्युमा केही क्षण हिंडेपछि त्यसलाई छाडेर उहाँ ड्रेक ड्राइभतिर लाग्नुभयो तर स्प्रिङफिल्ड अपार्टमेन्टतिर भने लाग्नुभएन बरु स्प्रिङफिल्ड अपार्टमेन्ट पस्ने बाटोभन्दा केही पर लाग्नुभयो । स्प्रिङफिल्ड अपार्टमेन्ट पस्ने बाटोभन्दा केही पर पुगेर गाडीलाई एकै छिन रोक्नुभयो अनि मेरो मुहारतिर हेर्दै भन्नुभयो– सुनीलजी, तपाईंलाई थाहा छ, मानिसले मानिससँग मात्र होइन भूगोलसँग पनि प्रेम गर्दो रहेछ। कुनै ठाउँ, त्यो ठाउँका छेउछाउका सडकहरू, घरहरू, रूखहरू, पसलहरूसँग प्रेम गर्दो रहेछ। त्यहाँको आकाश, मौसम, वातावरणसमेतसँग प्रेम गर्दो रहेछ। एक किसिमको साइनो गाँस्सिंदो रहेछ, मानिस र ती कुराहरूको बीचमा । त्यो मानिस त्यो ठाउँमा पुग्दा ती कुराहरू सजीव भएर आउँदा रहेछन्, तिनले कुरा गर्न खोज्छन्। मलाई त्यस्तो लाग्छ । ती कुराहरूसँग मानिसको सम्झना गाँस्सिंदो रहेछ, अतीतसमेत पनि गाँस्सिंदो रहेछ।"

"यति भनेर उहाँ केही क्षण घोरिनुभयो, त्यसपछि केही सम्झेझैं गरेर मलाई प्रश्न गर्नुभयो– तपाई नोरमेन आउनु एको छ महीनाभन्दा बढी भयो, होइन त सुनीलजी ?"

"उहाँको त्यो प्रश्नको मैले केवल हो मात्र भनेर उत्तर दिएँ। बोल्ने क्रमलाई जारी राख्दै उहाँले नै पुनः भन्नुभयो– तपाईं कुनै खास ठाउँमा बस्नुहुन्छ, त्यो ठाउँमा तपाईंको घर होस् वा डेरा, प्रत्येक दिन तपाईं त्यस घरमा पस्दा निस्कँदा, त्यहाँका छेउछाउका दृश्य परिदृश्यहरूलाई घरीघरी हेर्दा वा नियाल्दा वा आँखा अगाडि ती दृश्य परिदृश्यहरू पर्दा तपाईंको अचेत मस्तिष्कले ती कुराहरूसँग सम्बन्ध गाँस्दो रहेछ, तपाईंको सचेत मस्तिष्कले थाहा नै नपाउनेगरी । पछि ती दृश्य परिदृश्यहरूहरूको सम्बन्ध तपाईंको जीवनका घटनाहरूसँग गाँसिन गई तिनले अनेक कालखण्डका विभिन्न घटनाहरूको स्मरण गराउँदा रहेछन् । यसैगरी नै कुनै खास भूगोलमाथि मान्छेको प्रेम बस्दो रहेछ पनि ।"

"यति भनेर उहाँले मलाई प्रश्न गर्नुभयो– तपाईंलाई कस्तो लाग्छ नि ? अनि तपाईंको के सोचाइ छ, कुनै खास भूगोलमाथि मान्छेको प्रेम बस्नेबारे, हँ सुनीलजी ?"

"मैले छोटो उत्तर दिएँ– खोइ अङ्कल, म त परे साइन्सको स्टुडेन्ट । यहाँको युनिभर्सिटी, युनिभर्सिटी अफ ओक्लहोमाबाट कम्प्युटर साइन्समा इन्जिनीयरिङ गर्दैछु। यस्ता कुराहरूमा त सोच्नेसम्म पनि कहिले मलाई फुर्सत भएन । काठमाडौंमा हुँदा १७ ठाउँमा डेरा सरियो। कहाँ बसिएन ? भैंसेपाटीदेखि जोरपाटीसम्म मैले बस्न भ्याएँ । शायद ती ठाउँहरू छोडेको लामो काल बितेपछि मलाई पनि त्यस्तो बोध हुने हो कि ? अब काठमाडौं फर्केर म ती ठाउँहरूमा पुग्दा मलाई अङ्कलले भनेझैं बोध हुने हो कि ? हेरौं त्यस्तो हुन्छ कि ?"

"मेरो त्यस्तो उत्तर सुनेपछि उहाँ निकै बेरसम्म हाँस्नुभयो । मतिर केहीबेरसम्म हेरेको हेरै गर्नुभयो पनि । एकै छिनपछि केही सम्झेझैं गरेर भन्नुभयो– सुनीलजी, म यहाँ आएको कारण भने ऊ त्यो घर हो, देख्नुभयो। ऊ त्यो घर, ऊ त्यो रातो घर। ऊ त्यो क्या, त्यो अगाडिको, घर अघिल्तिर सानो चौर अनि पछाडि ठूलो बारी भएको घर । हो, त्यो घरमा म पाँच वर्षसम्म डेरा गरेर बसें। त्यो घरको मलाई अति याद आउँछ । त्यो घरको मात्र होइन त्यसका वरिपरिका दृश्यहरू पनि अति याद आउँछन् । यहाँको समग्र वातावरणको नै याद आउँछ। यिनको माया पनि उत्तिकै लाग्छ । अहिले म यहाँ नबसे तापनि यो ठाउँलाई मैले बिर्सिन सकेको छैन । लिन्सी स्ट्रीट वा १२औं स्ट्रीटबाट कतै जाँदा वा कतैबाट यी स्ट्रीटहरूमा आउँदा यो ड्रेक ड्राइभमा आएर, यो ठाउँलाई एकचोटी हेरी हालौं लाग्छ। यो ठाउँको नजीकबाट जाँदा यो ठाउँले मेरो कारसहित मलाई जहिले पनि आफूतिर तानेझैं लाग्छ । जब म पहिलोचोटि अमेरिका आएँ यो नोरमेन शहरमा नै आए। शुरूमैं यो स्ट्रीटको यो घरमा बसें । त्यति बेला मेरो छोरा जुनियर हाईस्कूलमा पढ्थ्यो । अहिले हाम्रो कार जहाँ रोकिएको छ, हो यै ठाउँमा मेरो छोराको स्कूल बस उसलाई लिन आउँथ्यो। बिहान छोरा स्कूल जाने बेलामा उसलाई यहाँसम्म पुर्‍याउन म आउँथें । उसको स्कूलको बस यो ड्रेक ड्राइभ हुँदै यहीं आइपुग्थ्यो। त्यतिखेर म एक ग्रोसरी स्टोरमा काम गर्थें । मेरो बिहानको ड्युटी हुन्थ्यो । मैले अहिले नाम बिर्सें त्यो देशको, पूर्व युगोस्लाभियाबाट छुट्टिएको कुनै देश थियो क्यारे, हो, त्यहाँका एक व्यक्ति मेरो अपार्टमेन्ट (घर)को छेउमा बस्थे। पछि उनीसँग परिचय भएर राम्रो मित्रता पनि भयो । ती मित्रका छोरा र मेरो छोरा एउटै स्कूलको एउटै ग्रेडमा पढ्थे । दुवैजना साथी थिए। उनी पनि आफ्नो छोरालाई स्कूल बसमा चढाउन यहीं आउने गर्थे। वालमार्टमा ग्रोसरी किन्न उनले मलाई धेरैपटक त्यहाँ पुर्‍याएका थिए । त्यतिखेर मसँग आफ्नै गाडी थिएन। नोरमेन आएको लगभग एक वर्षपछि मात्र मैले गाडी किनें । अहिले यो ठाउँलाई हेर्दा ती दिनहरू, ती घटनाहरू झलझली मेरा आँखाका अगाडि आउँछन्। यो ठाउँलाई हेर्दा सिनेमाको रिलझैं ती दिनहरू चल्न थाल्छन्। कस्तो अचम्म, है !"

"यति भनेर महेश अङ्कल एकै छिन चुप लाग्नुभयो। उहाँ सम्झनाको संसारमा हराउनुभएझैं मलाई लाग्यो । उहाँको भनाइबाट प्रेरित र सम्मोहित भएर म पनि सम्झनाको घोडा चढेर विभिन्न स्थानहरूमा पुगें । वायुको गतिमा ती स्थानहरूमा पुगेर तिनलाई स्पर्श गरें । तर लामो समयसम्म कल्पनाको यात्रा मैले गर्न सकिनँ। महेश अङ्कल भने चुपचाप हुनुहुन्थ्यो। उहाँ चुप लागेको देखेर कुराको सिलसिलालाई अगाडि बढाउन मैले नै पहल गरें । मैले उहाँको मुहारतिर हेर्दै भने– होइन अङ्कल, केही वर्ष मात्र बस्नुभएको यो ठाउँको तपाईंलाई यति धेरै र पटकपटक याद आउँछ । आफू जन्मे, हुर्के, खेले, कुदेको ठाउँको याद त झन् तपाईंलाई कति बढी आउँदो हो, हैन त ?"

"उहाँले तत्काल उत्तर दिनुभयो– ओहो, नसोध्नुस्, कति आउँछ, कति। कति भनौं, कति कति, अति, अति नै। दिनको १०औं चोटि पुग्छु म त्यहाँ मनको हवाईजहाज चढेर। कहिले भानुचोक पुग्छु, कहिले पिडारीचोक। कहिले रामानन्दचोक त कहिले राममन्दिर। कहिले ब्रह्मपुरी त कहिले बाह्रबिघा। कहिले जनकचोक त कहिले जानकी मन्दिर। त कहिले सङ्कटमोचन त कहिले रेलवे स्टेशन । कहिले परिक्रमा सडकहरू। कहिले कहाँ कहाँ भनौं ?"

"उहाँको बोल्ने क्रम रोकिएन। बोलि नै रहनुभयो । त्यो क्रमलाई तोड्दै मैले प्रश्न गरें– अङ्कलको घर नेपालमा कहाँ नि...?" अङ्कलले भन्नुभयो– जनकपुर। जनकपुरधाम। मेरो प्यारो जनकपुर ।"

– साभारः समकालीन साहित्य

नयाँ नम्बरबाट फोन र नयाँ 'आइडी'बाट मेल आउँछ ? सावधान !

काठमाडौं, ४ माघ/रासस

तपाईंलाई कुनै नयाँ खालको नम्बरबाट फोन आउने गरेको छ ? वा कुनै नयाँ इमेल आइडीबाट प्रलोभन दिने खालका सन्देशहरू आइरहेका छन् ? यदि आइरहेका छन् भने सावधान ! त्यस्ता इमेल वा नम्बरबाट आएका सन्देश तथा कुराकानीमा विश्वास नगर्नुहोला। त्यसले तपाईंलाई घरवारविहीनसमेत बनाउन सक्छ।

नेपाल प्रहरी, साइबर ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दीपकराज अवस्थी त्यसरी आएको फोन उठाउन र त्यस्ता इमेलको विश्वास नगर्न तथा प्रतिक्रिया नदिन आग्रह गर्छन्। त्यसरी अपरिचित व्यक्तिले भनेका तथा अपरिचित इमेलबाट आएका सन्देशमा भर पर्दा र प्रतिक्रिया जनाउँदा मानिसहरू ठगिएकाले यसतर्फ विशेष सावधानी अपनाउन उनले आग्रह गरेका छन्।

प्रहरी उपरीक्षक अवस्थीले पछिल्लो समय साइबर ब्युरोलगायत नेपाल प्रहरीका विशिष्टीकृत कार्यालयहरू र

(बाँकी पाँचौं पातामा)

सङ्गम ...

बुझ्न सकिन्छ कि गङ्गाको पानी र यमुनाको पानी कस्तो छ । दुवै नदीको पानी आफैंमा चिनिने छन् । गङ्गाको अलिक सफा र यमुनाको अलिक धमिलो छ । दुवै पानी बिस्तारै मिसिएको दृश्य सुन्दर छ, अद्भुत छ। यही हेर्नको लागि नै यहाँ पुगिएको हो पनि। डुङ्गा रोकिन्छ र डुङ्गाबाट तल ओर्लिनको लागि भनिन्छ। तल ओर्लिने ठाउँमा कति पानी छ, त्यसको कुनै ठेगान छैन तर व्यवस्थित गरिएको छ, पानीभित्र नै काठको फ्लैक राखी रोकिएको छ । तोकिएको ठाउँमा मात्र ओराल्दा रहेछन् र एक दुई डुबुल्की लगाउनासाथ भयो भयो जाऔं, जाऔं भन्न थाल्दा रहेछन्। मानिसहरूले केही बलजफ्ती गरेर चार पाँच मिनेटसम्म मुश्किलले नुहाउन पाउँदा रहेछन्। फेरि डुङ्गामा बसेर फर्किनुपर्ने हुन्छ ।

हो, अलिकति कुरो हुन्छ पूजाको, दक्षिणाको । पूजा र दक्षिणासित त्यति सहमत हुन नसकिने पनि हुन्छ तर कहिलेकाहीं यो पनि लाग्दछ कि जहाँको जस्तो रीति हुन्छ त्यस्तो गरिदिंदा फरक पर्दैन । मुख्यगरी धार्मिकस्थलहरूमा त्यहाँको नीति र नियमको पालना गरिदिनुपर्छ । यसरी गर्दा मनमा एक किसिमको सन्तोष पनि प्राप्त हुन्छ। मानिस शान्ति र सन्तोषको लागि त कतै गएको हुन्छ तर कतिपय ठाउँमा भने अति नै भएको अनुभूति हुन्छ । यद्यपि सहनुपर्छ वा सोझै नमान्न पनि पाइन्छ । हामीले भने सबै प्रक्रिया पूरा गरिसकेका छौं ।

आखिरमा यहाँ पुग्नुको मुख्य उद्देश्य नै डुबुल्की लगाउनु हो । जब डुबुल्की लगाइन्छ वा जब पानीमा पसिन्छ तब नै लाग्दछ कि यो अलौकिक स्थानमा अलौकिक स्नान गरिरहेको छु। अलौकिक अनुभूति हुन्छ । सबै स्थानको आफ्नै विशिष्टता हुन्छ, यसैगरी यस स्थानको पनि आफ्नै विशेषता छ र जुन विशेषताको सर्वोच्चता हो, त्यसको उत्कर्षमा रहँदा जुन अनुभूति हुन्छ त्यो नभूतो हुन्छ । लाग्दछ कि यो क्षण जीवनको अविस्मरणीय बनेको छ ।

अहिले पनि त्यो दृश्य सम्झिरहेको छु र लागिरहेको छ कि त्यस डुबुल्कीले अहिले पनि मलाई पवित्र पारिरहेको छ।

अन्तर्राष्ट्रिय समाचार

चीनको आर्थिक वृद्धि दर दशक यताकै सबैभन्दा सुस्त

बेइजिङ, ४ माघ/एएफपी

चीनले गत वर्ष दशकयताकै सबैभन्दा कम आर्थिक वृद्धिदर हासिल गरेको तथ्याङ्कले देखाएको छ ।

आगामी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्भावित व्यापार गतिरोधले चीनलाई आगामी केही वर्ष आर्थिक वृद्धिदरमा बृहत्तर विकास गर्न समस्या हुने विश्लेषकहरूले आकलन गरेका छन् ।

बेइजिङले हालैका महीनाहरूमा आर्थिक मन्दीको मारमा परेका आफ्ना उद्योग र व्यावसायिक फर्महरूलाई सबैभन्दा आक्रामक सहयोगका उपाय अपनाउँदै सहयोग गर्ने घोषणा गरेको छ। अर्थव्यवस्थालाई पुनरुत्थान गर्नको लागि बजार ऋण सङ्कट र सुस्त उपभोक्ता खर्चसहित धेरै क्षेत्रले आर्थिक सङ्कटको सामना चीनले गरेको छ ।

बेइजिङको राष्ट्रिय तथ्याङ्क विभाग (एनबिएस)को आधिकारिक तथ्याङ्क अनुसार सन् २०२३ मा ५.२ प्रतिशत रहेको अर्थतन्त्र गत वर्ष पाँच प्रतिशतले वृद्धि भएको थियो ।

बढ्दो बाह्य दबाब र आन्तरिक कठिनाइका कारण जटिल र गम्भीर वातावरणको सामना गर्दै यो वृद्धि भएको एनबिएसले जनाएको छ ।

अर्थतन्त्रले अझै पनि 'कठिनाइ र चुनौती'को सामना गरिरहेको अधिकारीहरूले स्वीकारेका छन् ।

उपभोक्ता भावनाको एक प्रमुख मापक खुद्रा बिक्री ३.५ प्रतिशतले बढेको छ । यो सन् २०२३ मा रेकर्ड गरिएको ७.२ प्रतिशतको वृद्धिको तुलनामा व्यापक गिरावट हो ।

तर औद्योगिक उत्पादन भने अघिल्लो वर्षको ४.६ प्रतिशतको तुलनामा वृद्धि भई ५.८ प्रतिशत कायम भएको छ ।

कोभिड–१९ महामारीका आर्थिक उथलपुथलका वर्षहरूबाहेक चीनको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर सन् १९९० यताकै सबैभन्दा कम हो ।

एएफपीले गरेको सर्वेक्षणमा सन् २०२५ मा आर्थिक वृद्धिदर ४.४ प्रतिशतमा झर्ने र सन् २०२६ मा चार प्रतिशतभन्दा तल झर्ने अनुमान विश्लेषकहरूले गरेका छन् ।

चीन अहिलेसम्म महामारीबाट पुनरुत्थान गर्न असफल भएको छ, घरेलु खर्च मन्दीमा फसेको छ ।

तथ्याङ्कले यस हप्ताको शुरूमा दाबी गरे अनुसार गत वर्ष चीनको निर्यात ऐतिहासिक उच्च तहमा पुगेको थियो ।

देशको विशाल व्यापार अधिशेषमाथि आँधीबेहरीको बादल जम्मा हुनुको अर्थ बेइजिङले कमजोर अर्थव्यवस्थालाई बढावा दिन निर्यातमा भरोसा गर्न सक्षम नहुन सक्छ ।

अर्को हप्ता आफ्नो दोस्रो कार्यकाल शुरू गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पले चीनमाथि कडा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन् ।

बेइजिङले हालैका महीनाहरूमा अर्थतन्त्रलाई मजबूत बनाउन प्रमुख ब्याजदरहरू कटौती गर्ने, स्थानीय सरकारको ऋणलाई सहज बनाउने र घरायसी सामानहरूको लागि अनुदान कार्यक्रमहरू विस्तार गर्नेजस्ता धेरै उपायहरू अघि सारेको छ । रासस

रूस र इरानबीच 'साझेदारी' सम्झौता हुँदै

मस्को, ४ माघ/एएफपी

रूस र इरानले शुक्रवार विस्तृत रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर गर्ने भएका छन् । इरानका राष्ट्रपति मसूद पेजेस्कियानको मस्को भ्रमणका क्रममा यो सम्झौता हुन लागेको हो ।

मस्को र तेहरानले वर्षौंदेखिको गहिरो सहयोगपछि आफ्नो घनिष्ठ सम्बन्धलाई औपचारिकता दिन खोजिरहेका बेला र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा प्रवेश गर्नुभन्दा तीन दिन अघि सम्झौता हुने भएको हो ।

युक्रेनी र पश्चिमी अधिकारीहरूका अनुसार इरानले रूसलाई स्वचालितरूपमा विस्फोट हुने 'शहीद' ड्रोनहरू प्रदान गरेको छ । यिनीहरूलाई मस्कोले युक्रेनमा रातिमा ब्यारेजहरूमा आक्रमण गर्न प्रयोग गर्छ। दुवै देशले पश्चिमी प्रतिबन्धहरूको बीच व्यापार बढाएका छन् ।

नयाँ सन्धिले तेहरान र मस्कोको 'सैन्य–राजनीतिक र व्यापार–आर्थिक' सम्बन्धलाई थप मजबूत बनाउने क्रेमलिनले बुधवार जनाएको छ ।

तेहरानका उच्च कूटनीतिज्ञ अब्बास अराघचीलाई उद्धृत गर्दै रूसी सरकारी सञ्चारमाध्यमले दिएको जानकारी अनुसार तेहरानले शुक्रवारको सम्झौताबारे थोरै जानकारी दिएको छ तर गत वर्ष उत्तर कोरियासँग रूसले गरेको सन्धिमा समावेश गरिएको सम्झौताजस्तो पारस्परिक प्रतिरक्षा धारालाई अस्वीकार गरेको छ ।

दुवै पक्षले वर्षौंदेखि नयाँ सन्धिका लागि काम गरिरहेका थिए। उनीहरूको वर्तमान सम्बन्ध सन् २००१ को सम्झौताद्वारा निर्देशित छ र यसलाई उनीहरूले आवधिकरूपमा नवीकरण गरिरहेका छन् ।

रूसले इरानसँगको आगामी सम्झौता र प्योङयाङसँग यस अघि नै हस्ताक्षर भइसकेको सन्धि 'कुनै पनि देशविरुद्ध लक्षित नभएको' बताएको छ ।

"यो सन्धि रचनात्मक प्रकृतिको छ र यसको उद्देश्य रूस, इरान र विश्वका विभिन्न भागमा रहेका हाम्रा मित्रहरूको क्षमतालाई सुदृढ पार्नु हो," रूसी विदेशमन्त्री सर्गेई लाभरोभले मङ्गलवार भनेका थिए ।

रूसका लागि इरानका राजदूत काजेम जलालीलाई उद्धृत गर्दै रूसको समाचार एजेन्सी तासले यो २० वर्षका लागि मान्य हुने जनाएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले इरान, चीन र उत्तर कोरियासँगको सम्बन्धलाई आफ्नो विदेश नीतिको आधारशिला बनाएका छन् ।

रूस र इरान दुवैले आफ्ना महत्त्वपूर्ण ऊर्जा उद्योगहरूमा प्रतिबन्धसहित भारी पश्चिमी प्रतिबन्धहरूको सामना गरिरहेका छन् ।

गत वर्ष कजानमा भएको ब्रिक्स समूहको शिखर सम्मेलनमा पुटिनले रूस र इरानबीचको 'साँच्चिकै मैत्रीपूर्ण र रचनात्मक सम्बन्ध'लाई आफूले महत्त्व दिएको पेजेस्कियानलाई बताएका थिए।

ट्रम्प सत्तामा फर्कनुभन्दा केही दिन अघि पेजेस्कियानको रूस भ्रमण हुन लागेको हो। इरानविरुद्ध पटकपटक सैन्य धम्की दिँदै आएका नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेन र मध्यपूर्वमा जारी द्वन्द्वको शीघ्र अन्त्य गर्न चाहेको बताउने गरेका छन् ।

मस्को र तेहरान दुवैको ठूलो समर्थन प्राप्त सिरियाली नेता बशर अल असदलाई विद्रोहीले सत्ताच्युत गरेको एक महीनापछि इजरायल र इरानको सहयोगी हमासले गाजामा युद्धविरामको तयारी गरिरहेको एक महीनापछि यो सम्झौता भएको हो । रासस

महाभियोगपछि निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युनद्वारा सोधपूछका क्रममा बोल्न अस्वीकार

सियोल, ४ माघ/एएफपी

सैनिक शासनको असफल प्रयासबारे अनुसन्धानकर्ताको सोधपूछलाई शुक्रवार फेरि अस्वीकार गरेका छन् ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलविरुद्ध महाभियोग लगाउने समयसीमा नजीकिँदै गर्दा उनले अनुसन्धान प्रक्रियामा सोधपूछका क्रममा बोल्न अस्वीकार गरेका हुन् ।

युनले डिसेम्बर ३ मा 'राज्यविरोधी तत्त्वहरू'को धम्कीको सामना गर्न आवश्यक रहेको भन्दै 'मार्शल ल' घोषणा गरेका थिए । विपक्षी सांसद र जनप्रदर्शनपछि उक्त घोषणा केही घण्टामा नै फिर्ता भएको थियो ।

राष्ट्रपतिको उक्त कदमले देशलाई अराजकतातर्फ धकेलेको छ ।

उनले संसद्मा हस्तक्षेप गरी मार्शल ल अस्वीकार गर्न संसद्मा मतदान हुनबाट रोक्न असफल भएपछि उनको घोषणा केवल छ घण्टामा नै विफल भएको थियो।

त्यसपछिका हप्ताहरूमा युनलाई संसद्ले महाभियोग लगाएको थियो र हिरासतमा लिने दक्षिण कोरियाको पहिलो बहालवाला राष्ट्रपति हुनु अघि उनको संरक्षित निवासमा लुकेर गिरफ्तारीको विरोध गरिएको थियो ।

उनको निवासमा छापा मार्दा बुधवार बिहान पक्राउ पुर्जी जारी गरिएको थियो। पक्राउ पुर्जीमा युनलाई केवल ४८ घण्टाको लागि हिरासतमा राख्न अनुमति दिइएको थियो ।

अनुसन्धानकर्ताहरूले शुक्रवार उनको हिरासतको बसाइलाई लम्बाउन नयाँ पक्राउ पुर्जी माग्ने अपेक्षा गरिएको छ, जसले सम्भवतः उनलाई २० दिनको लागि हिरासतमा राख्न आदेश दिन सक्ने अनुमान गरिएको छ । यसले अभियोजनकर्ताहरूलाई उनीविरुद्ध अभियोगलाई औपचारिक रूप दिन समय दिनेछ ।

भ्रष्टाचार अनुसन्धान कार्यालयले उनीमाथि विद्रोहको सम्भावित अभियोगमा अनुसन्धान गरिरहेको छ र अभियोग प्रमाणित भएमा उनलाई आजीवन कारावास वा मृत्युदण्डको सजाय हुन सक्छ ।

यदि शुक्रवार नयाँ वारेन्ट दायर गरियो भने युनलाई कम्तीमा पनि अदालतमा सुनुवाइ नहुन्जेल र सप्ताहन्तमा यसको अनुमोदनका लागि फैसला नभएसम्म हिरासतमा राखिनेछ । यदि सुनवाइपछि अदालतले यसलाई अस्वीकार गर्‍यो भने उनी रिहा हुनेछन् ।

सिआइओले स्थानीय समय अनुसार शुक्रवार बिहान १० बजे युनलाई सोधपूछका लागि बोलाएको थियो तर उनका वकील युन कब क्युनले बताए अनुसार युनले लगातार दोस्रो दिन पनि उपस्थित हुन अस्वीकार गरेका थिए ।

सिआइओका अधिकारीहरूले एएफपीको अनुरोधको तत्काल जवाफ दिएनन् ।

अर्का वकील सिओक डोङ–ह्योनले शुक्रवार पत्रकारहरूलाई भने, "युनले अनुसन्धानकर्ताहरूलाई आफ्नो स्थितिबारे बताइसक्नुभएको छ ।

उनीहरूका प्रश्नहरूको जवाफ दिनुपर्ने कुनै कारण छैन ।"

डोङ–ह्योनले भने, "राष्ट्रपति आज सिआइओमा उपस्थित हुनुहुनेछैन। उहाँले पहिलो दिन नै अनुसन्धानकर्तासमक्ष आफ्नो आधारभूत धारणा पर्याप्तरूपमा व्यक्त गरेका छन् ।"

युनलाई बुधवार घण्टौंसम्म सोधपूछ गरिएको थियो तर अर्को दिन सोधपूछका लागि उपस्थित हुन अस्वीकार गर्नु अघि उनले आफ्नो 'मौन बस्न पाउने अधिकार'को प्रयोग गरेका थिए । रासस

लगानीकर्ता ...

शेयर किनेर उक्त शेयरलाई धितो राखेर रु २१ लाख ४२ हजार ८५९ थप कर्जा लिन सकिन्छ ।

मार्जिन कर्जासम्बन्धी व्यवस्थाः

नेपाल धितोपत्र बोर्ड र नेप्सेले जारी गरेका 'मार्जिन' कारोबार सुविधासम्बन्धी निर्देशन, २०७४ र 'मार्जिन' कारोबार सुविधासम्बन्धी कार्यविधि, २०७५ मा भएको कानूनी व्यवस्थाभित्र रहेर मार्जिन कर्जा कारोबार गर्न योग्य दलाल व्यवसायीमार्फत योग्य कम्पनीका धितोपत्र उपकरणका हकमा मार्जिन कारोबार सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । मार्जिन कर्जा लिएर धितोपत्र खरीद गर्दा पछिल्ला १८० कार्य दिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ, त्यसको निश्चित प्रतिशतले हुन आउने रकम लगानीकर्तासँग आदेशपूर्व नै शुरू मार्जिन दिन लगाएर बाँकी स्वयम् मार्जिन कर्जा दिन योग्य दलाल व्यवसायी आफैंले खरीदकर्ताका तर्फबाट विक्रेतालाई भुक्तानी गरिदिने गरी गरिने कर्जा सुविधा नै मार्जिन कर्जा हो । यसरी किनिएको धितोपत्रको बजार मूल्य घट्दै गएमा दलाल व्यवसायीले अपुग रकम बराबरको मार्जिन कल सम्बन्धित खरीदकर्तालाई जाने गर्छ । यस्तो मार्जिन समयमा तिर्न नसक्ने वा नटेर्ने लगानीकर्ताको हकमा दलाल व्यवसायीले उक्त धितोपत्र बिक्री गर्न सक्छ ।

मार्जिन कर्जामा तोकिएको भुक्तानी गरेर शतप्रतिशतको धितोपत्र खरीद गर्न सकिन्छ भने शेयर धितो कर्जामा शतप्रतिशत शेयर बन्धकी राखेर तोकिएको प्रतिशत कर्जा मात्रै पाउन सकिन्छ । उदाहरणका रूपमा मार्जिन कर्जालाई प्रयोग गरेर तपाईंसँग रु ३० छ भने रु एक सयको धितोपत्र खरीद गर्न सक्नुहुन्छ । यसको अर्थ के हो भने खरीदपूर्व ३० प्रतिशत मार्जिन भुक्तानी गरेर त्यसको एक सय प्रतिशतको धितोपत्र सम्पत्ति खरीद गर्ने सुविधा मार्जिन कर्जाले दिने गर्छ । यसले लगानीकर्तासँग थोरै रकम हुँदा समेत धेरै शेयर किन्न सक्ने र जोखिम लिन सक्ने अवसर सिर्जना गर्छ । धितोपत्र बिक्री गर्न शेयर धितो कर्जामा जस्तो फुकुवा गरिरहनुपर्दैन । कारोबारी वा छोटो अवधिका लागि लगानी गर्नेहरूको हकमा यो कर्जा सुविधा धेरै उपयुक्त देखिन्छ । बजारमा धितोपत्रको कारोबार वृद्धि गर्न मदत गर्न सक्ने देखिन्छ।

यसरी हेर्ने हो भने लगानीमा सफलता हात पार्न हरेक लगानीकर्ताले भइरहेका कानूनी व्यवस्थाहरूको सूक्ष्म अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ । यस्तो स्वभावले कानूनभित्र रहेका अवसर पहिल्याएर अन्य लगानीकर्ताले भन्दा थप फाइदा उठाउन सक्ने वातावरण सिर्जना हुन्छ। माथि भनिए जस्तै लगानीको लागत घटाएर, जरिवाना जोगाएर, तिर्नुपर्ने कमिशन कानूनतः कम तिरेर र विभिन्न कर्जाको तुलनात्मक लाभ उठाएर एउटा लगानीकर्ताले चिल, बाज जस्तै आफ्नो सम्पत्तिको उडान भर्न सक्ने कानूनी घेराभित्र प्रचुर आधार हुने गर्छ। यसैले समृद्ध बन्न चाहने हरेक लगानीकर्ताले राज्य र नियामकले बनाएको कानून पढेर, बुझेर अनुशासनसहित अभ्यासमा ल्याएर जसरी सुन्तला निचोरेर रस निकालिन्छ त्यसरी नै कानूनी व्यवस्थालाई निचोरेर लगानीमा प्रतिफलको जुस निकाल्न सक्नु नै सफल बन्ने मूल मार्ग हो। (लेखक धितोपत्र बजारका जानकार हुन् । रासस)

विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न रु ६२ खर्ब लगानी आवश्यक

काठमाडौं, ४ माघ/रासस

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न रु ६२ खर्ब लगानी आवश्यक पर्ने बताएका छन्।

iPPAN
SILVER JUBILEE 2081

इप्पानको शुक्रवार आयोजित रजत जयन्ती समारोहमा उनले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न रु ६२ खर्ब लगानी आवश्यक पर्नेमा रु ४० खर्ब स्वदेशमा रहने प्रक्षेपण गरिएको जानकारी दिए।

ऊर्जा क्षेत्रबाट वार्षिक सात लाख रोजगार सृजना हुने जनाउँदै कार्कीले यसले मुलुकको अर्थतन्त्र चलायमान बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनका अनुसार नेपालको कुल विद्युत् उत्पादन क्षमता तीन हजार पाँच सय मेगावाट पुग्दा निजी क्षेत्रबाट मात्रै २५ वर्षको अवधिमा दुई हजार ७४० मेगावाट विद्युत् उत्पादन भइसकेको छ।

कार्यक्रममा दिइएको जानकारी अनुसार कुल उत्पादनमा निजी क्षेत्रको योगदान करीब ८० प्रतिशतभन्दा बढी रहेको छ। चार हजार मेगावाट क्षमताका आयोजना निर्माणाधीन रहँदा चार हजार तीन सय मेगावाट क्षमताका आयोजना खरीद–बिक्री सम्झौता (पिपिए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा छन् भने १२ हजार ९६५ मेगावाट क्षमताका आयोजना अध्ययन सकेर पिपिएको पर्खाइमा रहेको इप्पानले जनाएको छ । यीमध्ये पनि ८० प्रतिशतभन्दा बढी आयोजना निजी क्षेत्रले विकास गरिरहेका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१'ले २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने र मार्गचित्रमा १३ हजार पाँच सय मेगावाट विद्युत् नेपालमा खपत गर्ने लक्ष्य राखिएको अध्यक्ष कार्कीले जानकारी दिए। त्यसबाहेक बढी भएको विद्युत् मात्र छिमेकी मुलुकमा निर्यात गर्ने लक्ष्य लिइएको उनले बताए।

वीरगंज महानगरपालिका कार्यालयको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं १५ र १६ हाल वडा नं १२ र १३ को साँधमा रहेको बाइपासस्थित नेपाल आयल निगम क्षेत्रीय कार्यालय वीरगंजदेखि मुर्ली चोकसम्म सडक विस्तार गर्ने सम्बन्धमा सडकको मध्य भागदेखि दायाँ/बायाँ ५/५ मिटर गरी जम्मा १० मिटर चौडा सडक विस्तार गर्ने कार्य नेपाल आयल निगमको कार्यालयदेखि सबाह अन्सारीको घरसम्म निर्माण भइसकेको र बाँकी रहेको सबाह अन्सारीको घरदेखि मुर्ली चोकसम्मको सडक विस्तार कार्य बाँकी रहेकोले आव २०८०/८१ मा मिति २०८०/०४/०७ मा सूचना प्रकाशित गरी प्रमाणहरू लिई यस कार्यालयमा उपस्थित हुन आउनुहुन भनी सूचना जारी हुँदा सो बाटोको साँधमा पर्ने जग्गाधनीहरूबाट प्रमाण पेश हुन आउँदा नक्शापास नगराइ संरचनाहरू अवैधरूपमा निर्माण गरिएको देखिएको र सो बाँकी रहेको बाटो विस्तार नहुँदा आवतजावत गर्न, विपद्को बेलामा एम्बुलेन्स, दमकल आउनजानसमेत समस्या परेको हुँदा उक्त टोलवासीको तर्फबाट नगरप्रमुखसमक्ष जनगुनासो आइराखेकोले नेपाल सरकारको मातहतमा रहेको सडकबाहेक सडक स्तरोन्नति गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय सरकारको मातहतमा रहेकोले बाँकी रहेको सबाह अन्सारीको घरदेखि मुर्लीचोकसम्म रहेको सडकको केन्द्रबाट ५/५ मिटर दायाँ/बायाँ गरी जम्मा १० मिटरभित्र पर्ने नक्शापास नगरी अवैधरूपमा निर्माण भएका भवनहरू (संरचनाहरू) यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खाली गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

अरविन्दलाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत

नयाँ नम्बर ...

नेपाल प्रहरीकै उच्च अधिकारीहरूको नाम तथा दर्जा प्रयोग गरी विभिन्न व्यक्तिहरूलाई चेतावनीयुक्त इमेलहरू प्राप्त भएको जस्ता गुनासाहरू नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्युरोमा प्राप्त भएकाले यसतर्फ ब्युरोको समेत गम्भीर ध्यानाकर्षण भएको बताए। उनले भने, "नेपाल प्रहरी साइबर ब्युरोलगायत अन्य प्रहरी कार्यालयहरूबाट पठाइएको भनिएका यस्ता इमेलहरू नक्कली भएकाले यस प्रकृतिका मेलहरूको विश्वास नगर्न साथै कुनै प्रतिक्रिया नदिन सम्पूर्ण महानुभावमा विनम्र अनुरोध छ।"

त्यसरी आएका इमेलका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको तथा कुनै शङ्का लागेमा ब्युरोको आधिकारिक वेबसाइट cyberbureau.nepalpolice.gov.np मा रहेका सम्पर्क नम्बरहरू र इमेलमार्फत जानकारी गराउन सबैमा अनुरोध गरिएको छ ।

ब्युरोले एक सार्वजनिक सूचना जारी गरेर त्यस्ता गतिविधिप्रति सचेत हुन र कुनै शङ्का लागेमा नजीकका प्रहरीमा जानकारी गराउन अनुरोध पनि गरेको छ ।

आजको राशिफल

मेष	कार्यनाश	वृष	भयचिन्ता
मिथुन	राज्यलाभ	कर्कट	कान्तिक्षय
सिंह	सुयश	कन्या	खर्चवृद्धि
तुला	धनलाभ	वृश्चिक	कर्मप्राप्ति
धनु	अलमल	मकर	रोगभय
कुम्भ	व्यापारवृद्धि	मीन	कडापरिश्रम

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

यही माघ २१ गते सरस्वतीपूजाको लागि माटोको मूर्ति तयार गर्दै वीरगंज–२६ का २५ वर्षीय मूर्तिकार रामाधार चौधरी। एउटा मूर्ति तीन हजारभन्दा बढी मूल्यमा बिक्री हुने जनाउँदै उनले एउटा मूर्ति तयार गर्न सात दिन समय लाग्ने बताए। विगत १० वर्षदेखि निरन्तर यही पेशामा लागेको बताउँदै सिमेन्ट, प्लास्टर अफ पेरिसलगायतका विभिन्न देवीदेवताका मूर्तिहरू अर्डर अनुसार बनाउने गरेको उनी बताउँछन्। उनले यो पेशाबाट सहज जीविकोपार्जनसमेत भइरहेको बताए। शब्दचित्रः जीतलाल श्रेष्ठ/प्रतीक

लगानीकर्ता ...

लाग्ने गर्छ। रु पाँच लाख एकदेखि रु ५० लाखसम्म ०.०५ प्रतिशत र रु ५० लाखभन्दा माथि ०.०२ प्रतिशत दस्तुर लाग्ने गरेको छ।

ग) म्युचुअल फन्ड तथा अन्य धितोपत्र कारोबारः धितोपत्र बजारमा कारोबार हुने खुल्ला तथा बन्दमुखी म्युचुअल फन्ड र अन्य धितोपत्र उपकरण जुन माथि उल्लेख गरिएका छैनन्, त्यसको हकमा रु पाँच लाखसम्म ०.१५ प्रतिशत वा रु १० जुन बढी हुन्छ सो बराबरको दस्तुर लाग्ने गर्छ। रु पाँच लाख एकदेखि रु ५० लाखसम्म ०.१२ प्रतिशत र रु ५० लाखभन्दा माथि ०.१० प्रतिशत दस्तुर लाग्ने गरेको छ।

धितोपत्र कारोबारमा लगानीकर्ताबाट लिइएको माथि उल्लिखित शतप्रतिशत दस्तुरमध्ये ७९.४० प्रतिशत धितोपत्र दलाललाई, २० प्रतिशत नेप्सेलाई, ०.०६ प्रतिशत सेबोनलाई भाग लगाइन्छ। माथि उल्लेख गरिएबाहेक सेबोनलाई धितोपत्र हस्तान्तरणबापत थप शुल्क कारोबार रकमको ०.०१ प्रतिशत तिर्नुपर्ने हुन्छ।

यस्तै, प्रतिस्टक प्रतिदिन हुने हस्तान्तरणका आधारमा डिपोजिटरी पाटिसिपेन्ट (डिपी) ट्रान्जेक्सन चार्ज रु २५ समेत लगानीकर्ताले आफूले धितोपत्र कारोबार गर्दा कमिशन तिर्नुपर्ने हुन्छ।

लाभः यस नियम नबुझेकाले भन्दा बुझेका लगानीकर्ताले विभिन्न अवस्थामा धितोपत्र कारोबार गर्दा लाग्ने कमिशन बचाउन सक्ने परिस्थिति हुन सक्छ। उदाहरणका रूपमा रु २० लाखको शेयर खरीद गर्दा ०.३१ प्रतिशत अर्थात् रु छ हजार दुई सय कमिशन तिर्नुपर्ने हुन्छ। तर रु २० लाख एकको शेयर खरीद गर्ने हो भने ०.२७ प्रतिशत अर्थात् रु पाँच हजार चार सय कमिशन तिर्नुपर्ने हुन्छ। यसरी एउटा कारोबारमा कमिशनबापत १२ प्रतिशत अर्थात् रु आठ सय बचाउन सकिन्छ। यस्तै, आफूले खरीद गरेको वा बिक्री गरेको धितोपत्रको कमिशनपछिको वास्तविक तिर्नुपर्ने वा पाउनुपर्ने रकम थाहा पाउन सकिन्छ।

पूँजीगत लाभकरसम्बन्धी व्यवस्थाः

पूँजीगत लाभकरको दृष्टिले लगानीकर्तालाई संस्थागत र व्यक्तिगत गरी दुई किसिमले हेरेको देखिन्छ। व्यक्तिगत लगानीकर्ताको हकमा सम्बन्धित व्यक्तिले खरीद गरेर एक वर्षभन्दा लामो समय अवधि राखेर बिक्री गरेमा पूँजीगत लाभको पाँच प्रतिशत र एक वर्षभन्दा कम अवधि राखेर बिक्री गरेमा सात दशमलव पाँच प्रतिशतको दरमा पूँजीगत लाभकर लाग्ने व्यवस्था गरिएको छ। यस्तै, संस्थागत लगानीकर्ताहरूको हकमा जुनसुकै अवधिमा धितोपत्र बिक्री गरे तापनि पूँजीगत लाभ भएमा १० प्रतिशत पूँजीगत लाभकर लाग्ने व्यवस्था रहेको छ।

यस व्यवस्था जान्ने र कारोबारका क्रममा अभ्यासमा ल्याउने हो भने वास्तविकरूपमा पूँजीगत लाभकरबापत काटिएको रकम ठीक छ/छैन थाहा पाउन सकिन्छ। यस्तै, व्यक्तिगत लगानीकर्ताले कारोबारका क्रममा समयलाई ख्याल नगर्दा पूँजीगत लाभमा बढी कर तिर्नुपरेको हुन सक्छ, त्यसबाट लाभ लिन सकिन्छ। उदाहरणका रूपमा मानौं कुनै शेयर खरीद गरेको ३६० दिनमा बिक्री गर्दा रु एक लाख पूँजीगत लाभ भए छ भने सात दशमलव पाँच प्रतिशत पूँजीगत लाभकर अर्थात् रु सात हजार पाँच सय भुक्तानी गर्नुपर्छ तर त्यही शेयर ३६६ दिनमा बिक्री गरियो र रु एक लाख नै पूँजीगत लाभ भए छ भने पाँच प्रतिशत पूँजीगत लाभकर अर्थात् रु पाँच हजार भुक्तानी गर्दा पुग्छ। यसले के प्रस्ट गर्छ भने समयलाई ध्यान दिएर कारोबार गर्ने हो भने केही दिनको अन्तरालमा लगानीकर्ताले दुई दशमलव पाँच प्रतिशत अर्थात् रु एक लाख पूँजीगत लाभमा रु दुई हजार पाँच सय बचत गर्न सक्ने अवस्था बन्छ।

शेयर धितो कर्जासम्बन्धी व्यवस्थाः

आफूसँग भएको शेयर बैंक तथा वित्तीय संस्थाहरूमा बन्धकी राखेर कर्जा लिने व्यवस्था नै शेयर धितो कर्जा हो। यसरी कर्जा लिनका लागि आफूसँग योग्य कम्पनीको शेयर छ भने आफ्नो आवश्यकता अनुसार सम्बन्धित निकायमा आवेदन दिन सकिन्छ र उक्त वित्तीय संस्थाले आवेदक र धितोलाई योग्य ठानेमा कर्जा दिन सक्छ। यस्तो कर्जाको हकमा रु ५० लाखभन्दा कम भएमा पछिल्ला १८० कार्य दिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ, त्यसको एक सय अङ्क भारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छ भने रु ५० लाखभन्दा बढीको हकमा ७० अङ्क भारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छ। यसको अर्थ कर्जा लिन चाहने व्यक्तिले आफ्नो शेयर सुरक्षण गर्दाको बखत मूल्याङ्कन गरिएको चलनचल्तीको दरभाउको निश्चित प्रतिशत कर्जा पाउने गर्छ। यसको अवधि एक वर्षको हुने गर्छ। त्यसपछि नवीकरण गर्न सकिन्छ। यसैले मूल्याङ्कित शेयर धितो राखेर रु ५० लाखसम्मको हकमा एक सय प्रतिशत र रु ५० लाखभन्दा माथिको हकमा ७० प्रतिशतसम्म कर्जा प्रवाह हुने व्यवस्था नै शेयर धितो कर्जा हो। यस्तो कर्जा भुक्तानी गरेर धितो फुकुवा नभई शेयर बिक्री गर्ने गरेमा 'क्लोजआउट'बापत जरिवानासमेत तिर्नुपर्ने हुन्छ। लामो समयका लागि लगानी गर्ने व्यक्तिहरूको हकमा शेयर कर्जा उपयुक्त हुने देखिन्छ।

शेयर धितो कर्जाका सम्बन्धमा जानकारी हुँदा कति कर्जा लिनका लागि कति शेयर सम्पत्ति आवश्यक छ थाहा पाउन सकिन्छ। यसको तुलनात्मक लाभहरू लिन सकिन्छ। उदाहरणका रूपमा रु ५० लाखको कर्जा लिने हो भने ५० लाख बराबरको शेयर सम्पत्ति मूल्याङ्कन भए पुग्छ। तर रु ५० लाख एकको कर्जा लिने हो भने रु ७१ लाख ४२ हजार ८५९ बराबरको शेयर सम्पत्ति मूल्याङ्कन आवश्यक हुन्छ। यसको अर्थ के हो भने रू ५० लाखसम्मको कर्जाका लागि जति कर्जा लिने हो सो बराबरको शेयर सम्पत्तिको मूल्याङ्कन भए पुग्छ तर त्यसभन्दा माथि रु एक मात्रै थपिने हो भने पनि शेयर सम्पत्ति मूल्याङ्कनको ७० प्रतिशत मात्रै कर्जा पाउने अवस्था हुन्छ। यसैले यस्तो अवस्थामा त्यति नै धितो राखेर आफूलाई बढी कर्जा चाहिएको छ भने आफ्नो नाममा रु ५० लाख र अन्य परिवारका सदस्यका नामबाट बाँकी

(बाँकी पाँचौं पातामा)

Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

खेलकूदको संसार

महिला विश्वकप क्रिकेटको पहिलो खेल नेपालले बङ्गलादेशसँग खेल्ने

काठमाडौं, ४ माघ/रासस

मलेशियामा आयोजना हुने आइसिसी यू–१९ महिला विश्वकप क्रिकेटमा नेपालले बङ्गलादेशको सामना गर्दै प्रतियोगिताको उद्घाटन गर्ने भएको छ।

पहिलोपटक विश्वकपमा सहभागिता जनाएको नेपालले बङ्गलादेशविरुद्ध जीत निकाल्दै प्रतियोगितामा सुखद सुरुआत गर्ने लक्ष्य लिएको छ। उक्त खेल नेपाली समय अनुसार शनिवार दिउँसो १२:१५ बजेदेखि शुरू हुनेछ।

गत वर्षको नोभेम्बरमा युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको विश्वकपका लागि एशियाली छनोट खेल भएको थियो। उक्त खेलमा नेपाल विश्वकपका लागि छनोट भएको हो। त्यति बेला नेपाल पहिलो खेलमा युएईसँग पराजित भएको थियो भने अन्तिम खेलमा नेपालले युएईलाई पराजित गर्दै विश्वकपमा स्थान बनाएको थियो।

विश्वकप छनोटसँगै पहिलोपटक आयोजना हुन लागेको यू–१९ महिला एशिया कपमा समेत नेपाल सहभागी हुने अवसर पाएको हो। विश्वकपमा विभिन्न १६ राष्ट्रको सहभागिता रहेको छ। जसलाई चार समूहमा विभाजन गरिएको छ। प्रतियोगितामा नेपाल समूह 'डी'मा परेको छ।

नेपालको समूहमा स्कटल्यान्ड, बङ्गलादेश र अस्ट्रेलिया छन्। नेपालले दोस्रो खेल माघ ७ गते स्कटल्यान्डसँग खेल्नछ भने तेस्रो खेल माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ।

यसैगरी, प्रतियोगिताको समूह 'ए'मा आयोजक मलेशियासहित साबिक विजेता भारत, श्रीलङ्का र वेस्ट इन्डिज छन्। त्यस्तै समूह 'बी'मा इङ्गल्यान्ड, आयरल्यान्ड, पाकिस्तान र अमेरिका छ्न। समूह 'सी'मा न्युजिल्यान्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया छन्।

प्रत्येक समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा समान छ देशको दुई समूह हुनेछ। सुपर सिक्समा स्थान बनाएमा नेपालले भारत, श्रीलङ्का तथा वेस्ट इन्डिजसँग खेल्न पाउने सम्भावना रहनेछ। सुपर सिक्सका दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्।

नेपाली टोलीमा कप्तान पूजा महतोसँगै सोनी पाख्रिन, किरणकुमारी कुँवर, कृष्मा गुरुङ, साना परवीन, स्नेहा महरा र सावित्रा धामी छन्। त्यस्तै, तृष्णा विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी, ज्योत्सिका मरासिनी, रचना चौधरी र अनु कडायत छन्।

प्रधानमन्त्री कप महिला क्रिकेट : सुदूरपश्चिम 'सुपर फोर'मा

बैतडी, ४ माघ/रासस

प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा विजयी हुँदै सुदूरपश्चिम प्रदेश 'सुपर फोर'मा प्रवेश गरेको छ। धनगढीको फाप्ला क्रिकेट मैदानमा भएको खेलमा सुदूरपश्चिमले कर्णाली प्रदेशमाथि १० विकेटको जीत निकालेको हो।

सुदूरपश्चिमले यस अघि गण्डकी र लुम्बिनी प्रदेशलाई हराएको थियो। जीतसँगै सुदूरपश्चिम छ अङ्कका साथ अङ्कतालिकाको शीर्ष स्थानमा उक्लिएको छ। निर्धारित २० ओभरको खेल वर्षाका कारण पाँच ओभरमा सीमित गरिएको थियो। जीतका लागि पाएको २१ रनको लक्ष्य सुदूरपश्चिमले १.३ ओभरमा विनाविकेट भेटायो। सुदूरपश्चिमका लागि कविता कुँवरले १४ र मनीषा बोहराले पाँच रन बनाए।

त्यस अघि टस हारेर ब्याटिङको निम्ता पाएको कर्णालीले निर्धारित पाँच ओभरमा सात विकेटको क्षतिमा २० रन बनाएको थियो। उसका कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

सुदूरपश्चिमका लागि 'प्लेयर अफ दी म्याच'समेत चुनिएकी आशिका महराले तीन, कविता कुँवरले दुई र रीतु कनौजियाले एक विकेट लिए।

लुम्बिनीद्वारा गण्डकी पराजित

यसैगरी, लुम्बिनीले गण्डकी प्रदेशलाई पराजित गरेको छ। धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा आज भएको खेलमा लुम्बिनीले गण्डकीलाई छ विकेटले पराजित गर्दै पहिलो जीत दर्ता गरेको हो। गण्डकीले दिएको ९८ रनको लक्ष्य लुम्बिनीले १६.२ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो।

लुम्बिनीका लागि 'प्लेयर अफ दी म्याच'समेत चुनिएकी सरस्वती पुन ३१ रनमा अविजित रहिन्। रञ्जु श्रेष्ठले २० र आङ्गी पाठकले १८ रन बनाए।

गण्डकीका लागि अपेक्षा बुढाथोकीले दुई विकेट लिइन्। यस अघि गण्डकीले पूरै २० ओभर खेलमा चार विकेटको क्षतिमा ९७ रन बनाएको थियो। गण्डकीका लागि सलिना सेनले अविजित ३३ र रेखा तामाङले २५ रन बनाए। लुम्बिनीका लागि मनीष रानाले दुई, मधु डिसी र आङ्गी पाठकले एक/एक विकेट लिए।

यही माघ १ गतेदेखि शुरू भएको प्रतियोगितामा नौ टोलीको सहभागिता छ। प्रतियोगितामा सात प्रदेश तथा दुई विभागीय एपिएफ र आर्मीको टोली सहभागी छन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश, सशस्त्र प्रहरी बलको एपिएफ क्लब र सुदूरपश्चिम प्रदेश रहेका छन्।

यसैगरी, प्रतियोगिताको समूह 'बी'मा कोशी प्रदेश, बाग्मती प्रदेश, मधेस प्रदेश र त्रिभुवन आर्मी क्लब रहेका छन्। प्रतियोगिताको उपाधि जित्नेले रु पाँच लाख पुरस्कार पाउनेछ। यस्तै, दोस्रो हुनेले रु तीन लाख, 'प्लेयर अफ दी सिरिज'लाई रु ५० हजार तथा बेस्ट ब्याटर र बेस्ट बलरलाई रु २५/२५ हजार पुरस्कार दिइनेछ। प्रथम र द्वितीय पुरस्कार राष्ट्रिय खेलकूद परिषद्ले र बाँकी पुरस्कारको रकम सुदूरपश्चिम खेलकूद परिषद्ले उपलब्ध गराउने बताइएको छ।

काठमाडौं माभरिक्सले पोखरा लेकर्सलाई हरायो

काठमाडौं, ४ माघ/रासस

काठमाडौं माभरिक्सले पोखरा लेकर्सलाई पराजित गर्दै नेपाल कबड्डी लिग (एनकेएल)मा विजयी सुरुआत गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रवार साँझ सम्पन्न उद्घाटन खेलमा काठमाडौंले पोखरा लेकर्सलाई ४२–४१ ले पराजित गर्दै विजयी भएको हो। जीतसँगै काठमाडौंले पाँच अङ्क जोडेको छ। त्यस्तै, पराजित पोखराले एक अङ्क प्राप्त गऱ्यो।

एस्ट्रोनिक्स म्यानेजमेन्टद्वारा आयोजित उक्त प्रतियोगितामा छ सहरका छ टीम सहभागी छन्। जसमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, हिमालयन राइडर्स (बुटवल) र धनगढी वाइल्डक्याट्स छन्।

उक्त प्रतियोगिता अन्तर्गत भोलि दुई खेल हुनेछन्। बेलुका ५:३० बजे हुने पहिलो खेलमा विराटनगर ब्यान्डिट्स र धनगढी वाइल्डक्याट्सबीच प्रतिस्पर्धा हुनेछ। त्यस्तै, ६:३० बजे हुने दोस्रो खेलमा हिमालयन राइडर्स (बुटवल) र जनकपुर नाइट्स आमनेसामने हुनेछन्।

टाइगर कप भलिबल माघ दोस्रो सातादेखि

काठमाडौं, ४ माघ/रासस

'टाइगर ग्रुप अफ पोखरा नेपाल'को आयोजनामा पाँचौं संस्करणको टाइगर कप भलिबल प्रतियोगिता माघ दोस्रो सातादेखि सञ्चालन हुने भएको छ। उक्त प्रतियोगिता यही माघ १२ देखि १९ गतेसम्म सञ्चालन हुनेछ।

प्रतियोगितामा महिला र पुरुष गरी कुल १२ टोलीको सहभागिता रहने शुक्रवार आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिए। उनका अनुसार पुरुष र महिलातर्फ एक/एक विदेशी टोलीसमेत सहभागी हुनेछन्। प्रतियोगितामा पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्ट्स क्बल, गण्डकी प्रदेश भलिबल सङ्घ, त्रिभुवन आर्मी क्लब, नेपाल पुसिल क्लब र नेपाल एपिएफ क्बल सहभागी हुनेछन्। विदेशी टोलीमा भारतको कुरुक्षेत्रको सुनील भलिबल क्लब अमीन रहेको छ।

त्यसैगरी, महिलातर्फ नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमन्ड युथ स्पोर्ट्स क्लब, त्रिभुवन आर्मी क्लब र टाइगर ग्रुप अफ पोखरा रहेका छन्। महिलातर्फ विदेशी टोली थाइल्यान्डको ट्राभल इन्क्वारी युनाइटेट प्यासन भलिबल क्लब सहभागी हुने आयोजकले जनाएको छ।

प्रतियोगितामा पुरुष र महिलातर्फका दुवै विजेता टोलीले रु पाँच लाख ८५ हजार ५५५ पुरस्कार पाउनेछन् भने उपविजेताले रु दुई लाख ८५ हजार ५५५ पाउनेछन्। प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रु एक लाख ८५ हजार ५५५ पुरस्कार पाउनेछन्। प्रतियोगिताका सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीले जनही रु २५ हजार ७७७ पाउनेछन्। त्यसैगरी, उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिब्रो, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षक (पुरुष/महिला)ले जनही रु १० हजार ५५५ पुरस्कार पाउनेछन्। उक्त प्रतियोगिताको खेल भने पोखरामा हुनेछ।